# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ६, अङ्क २१, पूर्णाङ्क २५४ | २०७७ पुस २२ गते बुधबार | Wednesday, 6 Jan 2021 | www.eratokhabar.com | मूल्य रु. १०


## जनपत्रकार सङ्गठन नेपालका संयोजक विक गिरफ्तार



**काठमाडौं** : जनपत्रकार सङ्गठन नेपालका संयोजक शेरबहादुर विश्वकर्मालाई प्रहरीले गिरफ्तार गरेको छ।

सादा पोसाकमा आफूहरू सीआईबीका प्रहरी हौँ भन्दै आएको पाँचछजनाको टोलीले विकलाई चक्रपथ महाराजगन्जस्थित नारायणगोपाल चोकबाट सोमबार दिउँसो ३ बजे गिरफ्तार गरेको जनाइएको छ।

गिरफ्तारपछि विकलाई बेपत्ता बनाइएको छ। उनको अवस्थाबारे परिवारलाई समेत जानकारी नदिइएको पारिवारिक स्रोतले जनाएको छ। विक सङ्गठनको राष्ट्रिय सम्मेलनको तयारीमा रहेको जनाइएको छ।

## संसदीय व्यवस्थाको पतनसँगै मुलुक अन्तर्राष्ट्रिय शक्तिको खेलमैदान बन्दै

# वैकल्पिक सत्ताका लागि क्रान्तिकारी शक्तिबीच ध्रुवीकरण तीव्र

■ **अम्बिका चन्द**/काठमाडौं

प्रधानमन्त्री केपी वलीले आफ्नो पार्टीभित्रको अन्तरविरोधलाई थेग्न नसकेको पृष्ठभूमिमा र विदेशी शक्तिकेन्द्रहरूको चललेखमा यही पुस ५ गते उनीहरूकै भाषामा 'जननिर्वाचित प्रतिनिधिसभा' भङ्ग गरे। आफूसँग हुँदै नभएको अधिकार प्रयोग गरेर वलीले संसद् विघटन गरेपछि मानिसहरूले यसलाई सामान्य अवस्थामा लिएका छैनन् किनकि संविधानतः संसद् विघटन भइसकेपछि प्रतिनिधिसभाको सदस्य नभएका केपी वली अब देशको कार्यकारी प्रधानमन्त्री होइनन्, कामचलाउ मात्र हुन् तर वली आफू कामचलाउ सरकारको प्रधानमन्त्री भएको कुनै आभास दिलाउँदैनन्, बरु उनी शक्तिशाली कार्यकारी प्रधानमन्त्रीको भूमिकामा रहेको जस्तो रबाफ देखाउँदैछन्।











दृश्यहरूले देखाइरहेका छन्- यो क्रम केही समय चल्नेछ किनकि सरकारी नेकपाको विवाद, फुट र संसद् विघटन दुवैमा अन्तर्राष्ट्रिय र विशेषतः साम्राज्यवादी शक्तिकेन्द्रले ठूलो भूमिका निर्वाह गरेको छ। यसको उदाहरणका रूपमा भारत र चीनबाट प्रकाशित हुने अखबारहरूमा समेत नेपालको राजनीतिमा शक्तिकेन्द्रहरूको चलखेल भएको प्रस्ट हुने खालका सामग्रीहरू प्रकाशित भएका छन्।

देशको राजनीतिक परिघटनालाई आज जताबाट नापे पनि बाह्य शक्तिकेन्द्रहरूको हस्तक्षेप निकै बढेर गएको र राष्ट्रियता इतिहासमा निकै कमजोर बिन्दुमा पुगेको कुरा सबैलाई महसुस भएको विषय हो। नक्कली राष्ट्रवादको नारा दिएर दुई तिहाइको मतसहित सरकार गठन गर्ने बेला केपी वली सरकारले देशमा स्थायित्व, शान्ति, अमनचयन दिने, विकास, भ्रष्टाचार नियन्त्रण, भोकमरी-बेरोजगारीमा राहत र कोही पनि बेरोजगार र भोको बस्नु नपर्ने, बरु देशलाई नयाँ युगमा प्रवेश गराउने प्रतिबद्धता गरेको थियो। तर सरकार गठनको ३ वर्षमै केपी सरकारकै पालामा भएका ठूलाठूला भ्रष्टाचार, अनियमितता, विदेशी हस्तक्षेपलगायत काण्डहरूले यो सरकारप्रति मानिसको वितृष्णा मात्र भएन, नेपाली सत्ता-राजनीतिमा विकृति र विसङ्गतिका थप नयाँनयाँ कीर्तिमानहरू कायम हुँदै गए। सकारको एउटा बोली र अर्को व्यवहारका कारण आजभोलि मानिसहरू सामाजिक सञ्जालहरूमा समेत केपीका भाषणहरूलाई प्रहसन सामग्री बनाएर मजा लिइरहेका छन्।

सरकारले मध्यावधि चुनावको घोषणा गरे पनि जनताको मनोविज्ञान र सुरक्षा निकायको विश्लेषणअनुसार वैशाखमा चुनाव नहुने पक्काजस्तै देखिएको छ। संसद् पुनर्स्थापनाको सम्भावना पनि क्षीण हुँदै गएको छ। यही सेरोफेरोमा नेपालमा तीन दशकदेखि संसदीय व्यवस्था हेरिरहेका र भोगिरहेका मानिसहरू अब यो व्यवस्था नेपालमा असफल भएकै हो भन्ने बहसतर्फ हेलिएका छन्। अर्कोतिर देशको यही जर्जर अवस्थाको फाइदा उठाउँदै अढाइ सय वर्षपछि अन्त्य भएको राजतन्त्रका पक्षपातीहरू र हिन्दुवादीहरू पनि सल्बलाउन थालेका छन् र सयवटा राजाभन्दा एउटै

... बाँकी पृष्ठ ८मा

## जनपत्रकार सङ्गठनको नेतृत्व फेरियो

### राष्ट्रिय सम्मेलन वैशाख २५ र २६ गते गर्ने निर्णय





**काठमाडौं** : नेकपा निकट पत्रकारहरूको सङ्गठन जनपत्रकार सङ्गठन नेपालले आगामी वैशाख २५ र २६ गते राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरेको छ। सङ्गठनको यही १४ गते बसेको बैठकले उक्त निर्णय गरेको हो।

सङ्गठनका संयोजक शेरबहादुर विश्वकर्माद्वारा जारी विज्ञप्तिमा राष्ट्रिय सम्मेलन सम्पन्न गर्न विश्वकर्माको संयोजकत्वमा ४१ सदस्यीय 'तेस्रो राष्ट्रिय सम्मेलन आयोजक समिति' गठन गरिएको जनाइएको छ। त्यसैगरी बैठकले आगामी फागुन ३ गते हुने नेपाल पत्रकार महासङ्घको सम्मेलनमा प्रभावकारी उपस्थितिसहित सहभागिता जनाउने निर्णय पनि गरेको छ। बैठकले श्रमजीवी पत्रकारहरूका हकअधिकारहरूबारे सशक्त रूपमा आवाज उठाउँदै सङ्घर्ष गर्ने निर्णय गरेको पनि विज्ञप्तिमा जनाइएको छ।

## अछामका जनप्रतिनिधिले दिए जनअदालतमा बयान

### १५ दिनभित्र गाउँपालिकाको आयव्यय विवरण जनअदालतमा बुझाउने सहमति





नेपाल कम्युनिस्ट पार्टी
Communist Party of Nepal

प्रेस विज्ञप्ति

हाम्रो महान तथा गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टी जनताको जनजिविका, जनतन्त्र र राष्ट्रियताको विषय सदैव अग्र भागमा संघर्षरत रहेको कुरा सर्वविदितै छ।

अछामको ढकारी गाउँपालिकामा कोरोना महामारी नियन्त्रणका नाममा व्यापक हिनामिना भएको जनगुनासो पश्चात् जनअदालत बाट खर्चको आयव्यय प्रस्तुत गर्न पटक पटक भनिएको थियो। हाल सम्म पनि सो विषयमा कुनै सुनवाइ नभएको हुँदा आज मिति २०७७/०९/१७ गतेका दिन बिहान १० बजे तिर ढकारी गाउँपालिका अध्यक्ष धन ब. बुढा लाई कोरोना महामारीको नाममा भएको झन्डै १ करोड ४९ लाख रकमको सत्यतथ्य आय व्यय प्रस्तुत गर्न र अन्य विकास निर्माणका कार्यहरुमा भैरहेको भ्रष्टाचार र ढिलासुस्ती बारे जिल्ला जनअदालतमा बोलाई सोधपुछ गरिएको छ। गाउँपालिका अध्यक्ष द्वारा १५ दिनभित्र कोरोना महामारी नियन्त्रणको नाममा खर्च भएको रकमको आयव्यय प्रस्तुत गर्नुका साथै अन्य जनगुनासो पनि हल गर्ने प्रतिबद्धता गरिएको कुरा यसै प्रेस विज्ञप्ति मार्फत सम्प्रेषण गर्दछौं।

क्रान्तिकारी अभिवादन सहित !

■ **रातोखबर संवाददाता**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टी अछामले जिल्लाको ढकारी गाउँपालिकाका अध्यक्ष धनबहादुर बुढालाई जनअदालतमा बयान गराई आयव्यव विवरण १५ दिनभित्र पेस गर्ने प्रतिबद्धता गराएर छोडेको छ। जिल्ला इन्चार्ज नवीन र सेक्रेटरी आखिरले शुक्रबार विज्ञप्ति जारी गरी कोरोना महामारी नियन्त्रणका नाममा व्यापक हिनामिना भएको जनगुनासोपछि जनअदालतले गाउँपालिका प्रमुख बुढालाई खर्चको आयव्यय प्रस्तुत गर्न

... बाँकी पृष्ठ ७ मा

## 'संसदीय व्यवस्था असफल भैसक्यो'

■ **भीमप्रसाद चापागाईं**/काठमाडौं

विभिन्न राजनीतिक दलका नेता र नागरिक समाजका अगुवाहरूले नेपालमा ससदीय ब्यवस्था असफल भैसकेको भन्दै संसद् विघटन संसदीय व्यवस्था असफल भएको उदाहरण भएको बताएका छन्। उनीहरूले प्रधानमन्त्री केपी वलीले संविधानविपरीत संसद् विघटन गरेकाले आफैँले बनाएको संविधानविरुद्ध प्रधानमन्त्रीको कदम असंवैधानिक, अलोकतान्त्रिक, जनआकाङ्क्षाविपरीत, प्रतिगामी भएको बताएका छन्। उनीहरुले संसद् विघटनले निम्ताएको सङ्कटको समाधानका लागि संसद् पुनर्स्थापना गरेर मात्र सम्भव नहुने र यसको विकल्प वैज्ञानिक समाजवादी व्यवस्था भएको बताएका छन्।

राष्ट्रिय स्वाधीनताका लागि नागरिक मञ्च नेपालले सोमबार बुटवलमा आयोजना गरेको 'संविधान विघटन, राजनीतिक सङ्कट र निकास' विषयक अन्तरक्रियाका वक्ताले पार्टीभित्रको झगडा मिलाउन नसकेर प्रधानमन्त्रीले सनकको भरमा संसद् विघटन गर्दा सङ्कट आएको बताए। संसद् विघटनले देशमा राजनीतिक अस्थिरता आएको अवस्थामा अहिले राजावादी र विदेशी शक्तिकेन्द्रहरूले नेपालमा चलखेल बढाएको उनीहरूको भनाइ छ।

कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) का पोलिटब्युरो सदस्य प्रेम सुवेदीले राजनीतिक दृष्टिकोणबाट संसद् विघटन प्रतिगामी कदम

... बाँकी पृष्ठ ७ मा

## वैकल्पिक व्यवस्था स्थापनाका लागि सच्चा क्रान्तिकारीहरू एक हुन जरुरी छ : किरण

■ **गोपाल गिरी**/काठमाडौं



नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) का महासचिव माहोन वैद्य 'किरण' ले सरकारी नेकपाको आन्तरिक कलह र आरोप-प्रत्यारोपले कम्युनिस्ट आन्दोलनमाथि नै प्रश्नचिह्न खडा भएको बताएका छन्।

नेपालमा संसदीय व्यवस्थाको औचित्य नभएको बताउँदै उनले भने, 'हामीले संसदीय व्यवस्थाको पुनरावृत्तिका लागि जनयुद्ध गरेका थिएनौं। यसकारण संसद् विघटन हुँदा कुनै आकाश खसेको छैन। त्यही व्यवस्थाका लागि गरिने चुनावको पनि अर्थ नहुने भएकाले अब देशमा वैकल्पिक व्यवस्थाको स्थापनाका लागि सच्चा कम्युनिस्टहरू एकढिक्का हुनु जरुरी छ।'

परिवर्तनका विभिन्न आन्दोलनमा थुप्रै योद्धाहरूले बलिदानी दिएकाले समस्याको समाधान नभएसम्म क्रान्ति नरोकिने उनले बताए।

नेकपा (क्रान्तिकारी माओवादी) का तत्कालीन पोलिटब्युरो सदस्य हर्कबहादुर शाहीको स्मृति ग्रन्थ विमोचन गर्दै किरणले यस्तो बताएका हुन्।

कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष ऋषिराम

... बाँकी पृष्ठ ७ मा

## अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीको सातौँ राष्ट्रिय सम्मेलन फागुनमा





■ **झनक श्रेष्ठ**/काठमाडौं

अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीको सातौँ राष्ट्रिय सम्मेलन सम्पन्न आगामी फागुनमा हुने भएको छ। अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीको केन्द्रीय समितिको बैठकले बन्धु चन्दको संयोजकत्वमा ६५ सदस्यीय सातौँ राष्ट्रिय सम्मेलन तयारी समिति पनि गठन गरेको छ।

संयोजक चन्दले जारी गरेको विज्ञप्तिमा बैठकको सुरुआतमा महिला मुक्ति आन्दोलन, वर्गीय मुक्ति आन्दोलन र एकीकृत जनक्रान्तिका क्रममा सहादत प्राप्त गर्ने सम्पूर्ण

... बाँकी पृष्ठ ७ मा

# रणनीतिक संयुक्त मोर्चा निर्माणबारे

## देश/परिवेश

■ विप्लव



हामी चार पार्टीहरू नेपाल कम्युनिस्ट पार्टी, नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी), नेपाल कम्युनिस्ट पार्टी र वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी बसेर रणनीतिक संयुक्त मोर्चा निर्माण गरी संसदीय व्यवस्थाभित्र पैदा भएको अर्थराजनीतिक सङ्कटलाई अग्रगामी निकास दिनुपर्छ भन्नेमा सहमत भयौँ। केही समयभित्र संयुक्त मोर्चाको अवधारणा, संरचना र कार्यक्रम घोषणा गर्ने हाम्रो निर्णय भएको छ। यो नेपाली राजनीति र मुख्यतः कम्युनिस्ट पार्टीहरूबीचको ऐतिहासिक सहमति र निर्णय हो। यो संयुक्त मोर्चामा प्राप्त गुणात्मक सफलता हो। यस अर्थमा यो निर्णय र सफलताप्रति सबै कम्युनिस्ट, प्रगतिशील लोकतन्त्रवादी, देशभक्त शक्ति, बुद्धिजीवी, विश्लेषक र व्यक्तित्वहरू खुसी हुनेछन् र अग्रगामी आन्दोलनमा आबद्ध बन्नेछन् भन्ने हाम्रो विश्वास छ।

सामन्तवाद र नोकरशाही पुँजीवादविरुद्ध लड्न क्रान्तिकारी संयुक्त मोर्चा चाहिन्छ र बनाउनुपर्छ भन्नेमा पुराना पिँढीका कम्युनिस्ट नेताहरू निरन्तर लागे। कार्यनीतिक रूपले केही मात्रामा सफल भए पनि रणनीतिक मोर्चा निर्माण गरेर देशलाई आमूल परिवर्तन गर्न सफल हुन सकेनन्। तर हामी सङ्कटपूर्ण परिस्थितिमा रणनीतिक संयुक्त मोर्चा निर्माण गरेर निकास दिनुपर्छ भन्नेमा सहमत भएका छौँ। यो अग्रगामी एवम् रूपान्तरणकारी शक्तिका लागि उत्साहको कुरा हो।

नेपालमा नयाँ जनवाद-वैज्ञानिक समाजवाद स्थापना हुनुपर्छ भन्ने जनमत अत्यधिक छ। कम्युनिस्टहरूको मेहनत र सङ्घर्षका कारण यो जनमत बनेको हो। जनयुद्धले त्यसलाई नयाँ उचाइमा उठायो तर संसद्वादी पश्चगामी गठबन्धन र भारत, अमेरिका, युरोपका पुँजीवादी-साम्राज्यवादी हस्तक्षेपका कारण जनचाहना पूरा हुन सकेन। हामीले देशलाई संसदीय व्यवस्थामा फर्काएर जनताले शान्ति, स्थिरता र उन्नति पाउन सक्ने छैनन्, देशमा पुनः अस्थिरता, सङ्घर्ष र सङ्कट पैदा हुन्छ, झन् ठूला समस्या देखा पर्नेछन् भनेका थियौँ। तर काङ्ग्रेस, एमाले, माओवादी केन्द्रहरूले जनतामाथि

... बाँकी पृष्ठ ३ मा

वर्ष ६, अङ्क २१, पूर्णाङ्क २५४
रातो खबर साप्ताहिक

## सम्पादकीय

# दलाल संसद्वादको पतन र बेथान वीरता दिवसको सन्देश

विश्व-सर्वहारा वर्गका महान् गुरु दार्शनिक कार्ल मार्क्सले एउटा सन्दर्भमा भनेका थिए- इतिहास दुईपटक दोहोरिन्छ : पहिलोपटक वियोगान्तका रूपमा र दोस्रोपटक मजाक वा प्रहसनका रूपमा । आज नेपालमा संसद्वादको पहरेदार बनेका दलाल पुँजीवादका पक्षधरहरूले कार्ल मार्क्सले डेढ सय वर्षभन्दा पहिले भनेको उक्त उक्तिलाई चरितार्थ गरिरहेका छन् । कुनै दिन संसदीय व्यवस्था खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने कसाईखाना हो भन्ने प्रशिक्षण दिँदै 'कम्युनिस्ट' बनेका र झापा विद्रोह तथा जनयुद्धको नेतृत्व गरेका केपी वली र पुष्पकमल दाहालहरू आज बुख्याँचा बनेर संसद्वाद अब्बल दर्जाको लोकतन्त्र, अझ समाजवाद उन्मुख व्यवस्था भन्ने ठाउँमा आइपुगेका छन् भने जनताले फेरि अर्को उचाइको क्रान्तिको झन्डा बोक्नुपरेको छ। वली र दाहालहरूले भन्ने गरेको अब्बल दर्जाको लोकतन्त्र, जनवाद अर्थात् समाजवादले आज उनीहरूलाई नै भद्दा ढङ्गले एकअर्काका प्रतिस्पर्धी मात्र नभई ज्यानी दुस्मनकै स्तरमा गिराइदिएको छ। विचार, दर्शन, राजनीति र कार्यदिशा सही भएको भए कथित एकताको दुई वर्ष बित्दानबित्दै आज वली र दाहालहरूले एकअर्काको तीनपुस्ते उतारेर सत्तोसराप गर्दै हिँड्नुपर्ने अवस्था आउने थिएन । एउटा झापा विद्रोहप्रति पश्चाताप गर्दै संसद्वादमा पतन भएको पात्र वा शक्ति र अर्को महान् जनयुद्धलाई कुहीगन्धे संसद्वादी सत्तासँग साटेर दलाल पुँजीवादको मतियार बनेको पात्र वा समूहका बीचको उक्त गठबन्धन दलाल सत्तालाई केन्द्रमा राखेर गरिएको सिद्धान्तहीन गठजोड थियो र वलीको प्रधानमन्त्री बन्ने उत्कट चाहना र दाहालको अस्तित्वरक्षाको अन्तिम घिडघिडो थियो । नक्कली राष्ट्रवादको जामा लगाएर देशभक्त नेपाली जनमतको दुरुपयोग गर्दै सत्तामा पुगेका वलीले त झन्डै तीन वर्ष प्रधानमन्त्री बनेर र विद्या भण्डारीलाई दुईदुईपल्ट राष्ट्रपति बनाएर आफ्नो सपना साकार पारेका छन् र उक्त गठजोडको सक्दो उपयोग गरेका छन् तर दाहाल भने सत्ताको लालसामा मृगरिचिकाझैँ कहिले भारत त कहिले हिजो आफैँले भारतीय दलाल भनेका माधव नेपालको पाउमा पुगेका छन् । तैपनि उनको अस्तित्व धानिने वा नधानिने कुनै टुङ्गो छैन । क्रान्तिमाथि गद्दारी गरेर प्रतिक्रियावादका मतियार बन्नेहरूको हालत योभन्दा खराब बन्दै समाप्तितिर गएको देखिएमा पनि आश्चर्य मान्नुपर्ने छैन ।

रूपमा पात्रहरूका बीचका क्रियाकलाप वा गतिविधि देखिए पनि संसद् विघटन वा सरकारी पार्टीका दुई गुटबीचको झडपको यो समस्या केवल व्यक्तिको नभएर व्यवस्थाको समस्या हो । कुनै पनि रोगको औषधी रोग पत्ता लगाएर रोग निदानका लागि सही ठाउँमा पऱ्यो भने मात्र समस्या समाधान सम्भव हुन्छ । टाउको दुखेको बेलामा नाइटोमा औषधी दलेर निको हुँदैन भन्ने त नेपाली समाजको पुरानो आहान नै हो । दलाल पुँजीवादले निम्त्याएको समस्याको समाधान वली, दाहाल, देउवा, नेपाल वा अरू कुनै नाउँ र थरका पात्रविशेषमा खोजेर हुँदैन । यो दलाल व्यवस्थामा जुन पात्र आए पनि गर्ने भनेको वली वा दाहालले जस्तै हो । देउवा वा शाहीले जस्तै हो । थापा वा नेपाल-खनालले जस्तै हो । यी त दलाल पुँजीवादका फल मात्र हुन् । रूखको जरो नै मक्किएर कुहिसकेको हुनाले फल कुहिएको हो । कुहिएको वा मक्किएको रूखको जरामै उपचार खोज्नुपर्छ, कुहिएको फलमा होइन । अब यही सत्तामा पात्र बदलेर केही हुनेवाला छैन । यस्तै व्यभिचारी चक्र दोहोरिने मात्र हो । त्यसैले दलाल संसद्वादको मक्किएको रूख फालेर वैज्ञानिक समाजवादको बिरुवा हुर्काएपछि मात्र देश, जनता र श्रमिक वर्गले यस्तो दुःख, पीडा र हैरानी पाउने छैनन् । यस विषयमा जनमत अब केन्द्रित हुँदै गएको छ ।

पार्टीको नाउँ वा पात्रको नाउँ छोपिदियो भने अहिलेको व्यवस्था र हिजोका व्यवस्थाले गरेका काममा कुनै अन्तर देखिँदैन । भ्रष्टाचार उस्तै । राष्ट्रघात उस्तै । जनघात उस्तै । लूट, कमिसन, तस्करी र महँगी उस्तै । युवा र श्रमको शोषण र पलायन, महिला, दलित, मधेसीमाथिको विभेद र शोषण-विभेद उस्तै । हजारौँ योद्धा र जनताले बलिदान गरेर स्थापित गरेको सङ्घीय गणतन्त्र नाउँको व्यवस्थाले पनि उही अस्थिरता, महँगी, राष्ट्रघात, जनघात, लूट, भ्रष्टाचारबाहेक केही दिँदैन भने जनताले हिजो आफूले यो व्यवस्थामाथि गरेको निर्णयमाथि पुनर्मूल्याङ्कन गर्नुपर्छ र वैकल्पिक सत्ताका लागि थप त्याग र योगदान गर्न तयार हुनुपर्छ ।

दलाल संसद्वादको लज्जाजनक पतन र संसद्वादीहरूबीच विभाजन, आरोप-प्रत्यारोप र रुवाबासीकै बीचमा नेपालका असली मालेमावादी क्रान्तिकारीहरूले आइतबार क्रान्तिकै मैदानमा २५ औँ बेथान वीरता दिवस मनाएका छन् । बेथान वीरता दिवस नेपालमा राजतन्त्रात्मक दलाल संसदीय व्यवस्थाविरुद्ध नेपाली जनताले हतियारबद्ध लडाइँ लडी विजय प्राप्त गरेको पहिलो सफल फौजी मोर्चाको सम्मानमा स्थापित नयाँ पर्व हो । रामेछाप जिल्लाको बेथान पानीघाटमा रहेको तत्कालीन सत्ताको रक्षक प्रहरीचौकीमाथि धावा बोलेर तत्कालीन नेकपा (माओवादी) ले २०५३ साल पुस १९ गते ऐतिहासिक विजय प्राप्त गरेको थियो भने उक्त विजयका लागि तीर्थ गौतम, फत्त स्मालीमगर र दिलमाया बम्जनजस्ता होनहार योद्धाहरूको बलिदान गरेको थियो । राजतन्त्रात्मक पुरातन सामन्ती व्यवस्थाको अन्त्य र नयाँ जनवाद हुँदै समाजवादी व्यवस्था स्थापनाका लागि भएको उक्त बलिदानपछि नेकपा (माओवादी) को विजय अभियान देशैभरि आरम्भ भएको थियो । बेथान वीरता दिवसको आरम्भ गर्नेमध्येका पुष्पकमल दाहाल र रामबहादुर थापाहरू यतिबेला पानीघाटमा बसेको पुरानो सत्ता अर्थात् दलाल पुँजीवादी सत्ताका पहरेदारका रूपमा छन् भने नेपाल कम्युनिस्ट पार्टीले विद्रोहको झन्डा बोक्दै त्यतिबेलाको माओवादीको स्थान ग्रहण गरेको छ । हिजोको जनयुद्ध र आजको एकीकृत जनक्रान्तिको स्वरूप फरक भए पनि उद्देश्य र लक्ष्य एउटै हो । राज्यबाट खेप्नुपरेको कहर उस्तै हो । विकसित कार्यदिशामा गन्तव्य एउटै हो । तीफदिलगायत बेथानमा बलिदान गर्ने महान् सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दै वीरता दिवसको स्पिरिटलाई नयाँ उचाइमा लग्नुपर्ने आवश्यकता देखिएको छ । वैकल्पिक क्रान्तिकारी सत्ताको पहलमा लागेका शक्तिहरूले बेथान वीरता दिवसको मर्म र भावलाई आत्मबोध गर्दै नयाँ निकासका लागि पहल गर्ने आशा र विश्वास गर्न सकिन्छ ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# अब के गर्ने ?



धर्मेन्द्र बास्तोला 'कञ्चन'

> *सरकारले सत्ता टिकाइराख्न विकासको नारा निकै उछाल्ने गरेको थियो । समृद्धिको निकै हल्ला गरियो । जुन बाटोबाट समृद्धि भनेका थिए त्यो डेग चलेन । केपी वलीका अर्थशास्त्रीहरु पनि नेपाली जनताका अगाडि मात्र होइन, विश्वका अगाडिसमेत उल्लु बनेका छन् । ठाउँठाउँमा टावर बनाउने हल्ला चल्यो । पानीजहाज चलाउने, चीनको बेइजिङ र भारतको दिल्लीबाट काठमाडौँ, पोखरा, लुम्बिनी रेलले जोड्ने, पोखरा-काठमाडौँ मेट्रो चलाउने, काठमाडौँमा मोनोरेल गुडाउने अनेक योजनाको फर्मान गरियो तर सरकारको समयमा ५० प्रतिशत व्यतित हुँदा विकास बजेटमा केवल ११ प्रतिशत खर्च भयो ।*

सरकार बनेको करिब तीन वर्षपछि यही पुस ५ गते प्रधानमन्त्री केपी वलीले आफ्नै पार्टीको बहुमत रहेको संसद् विघटन गर्दै चुनावको घोषणा गरे । विगत ६० वर्षमा संसद् विघटन भएको यो छैटौँपटक हो । कार्ल मार्क्सले कुनै समयमा भनेका थिए, इतिहास दुईपटक दोहोरिन्छ : पहिलोपटक वियोगान्तका रूपमा र दोस्रोपटक मजाकका रूपमा । ६ पटकको संसद् विघटनमा ३ पटक कम्युनिस्ट भन्नेहरूको नेतृत्वमा भएको छ । पहिलोपटक नेपालमा संसद् विघटन हुनु एकप्रकारले संसद्वादीहरूका लागि वियोगान्त थियो, अहिलेको विघटन उनीहरूकै लागि पनि मजाक बन्न पुग्यो ।

विघटनपछि अब के गर्ने ? यो गम्भीर प्रश्न अहिले देशभर पैदा भएको छ । देशको बौद्धिक वर्ग, राष्ट्रिय उद्यमी, मध्यम वर्ग, उच्च वर्गसमेत यो कारबाहीप्रति सन्तुष्ट छैनन् । उनीहरू सम्भावित राजनीतिक निकासलाई विभिन्न कोणबाट नापिरहेका छन् । देशको आधारभूत वर्ग किसान, मजदुर, विद्यार्थी, शिक्षक, युवा, साना तथा ठूला व्यवसायीहरू, कोही पनि केपीको कारबाहीबाट सन्तुष्ट हुने कुरा भएन । उसो त स्वयम् केपी वली आफ्नै कारबाहीबाट सन्तुष्ट छैनन्, न त प्रचण्ड-माधवहरू नै सन्तुष्ट छन् । यो देश स्वाभाविक रूपमा अस्थिरताको बाटोमा वेगवान् भयो जुन हामीले लामो समयदेखि भन्दै आएको विषय थियो । देशको मतदातालाई शान्ति र स्थिरता दिने प्रतिबद्धता 'कम्युनिस्टको सरकार' ले गरेको थियो । विकास, भ्रष्टाचार नियन्त्रण, भोकमरी-बेरोजगारीमा राहत, बेघरबार हुनुपर्ने अवस्थाको अन्त्य यसका नारा थिए । 'कम्युनिस्ट' को उपहार घर-घर सिंहदरबार त संसद्वादीहरूको ओठमै झुन्डिएको थेगो थियो । संसद्मा बहुमत मात्र भएपछि स्वर्गकै लागि सुनको लिस्नो हाल्ने प्रतिबद्धता थिए । संयोगले बहुमत त के, दुई तिहाइ बहुमतको अवसर प्राप्त भयो । संसद्मा आफ्नै पार्टीको बहुमत र अरूको सहयोगमा दुई तिहाइ हुँदा आगामी २०-२५ वर्ष कसैले सिंहदरबारतिर नहेरे हुनछ भन्ने अहंकार थियो उनीहरूमा । सरकार बनेको तीन वर्ष बित्दानबित्दै बहुमतको सरकार, डिङ्गो फुलेझैँ मोटाएको पार्टी, तासको महल बतासले उडाएजस्तै भरङ्ग भयो । बालुवाको ढिस्को भत्किएझैँ थचक्कै बस्यो ।

राजनीतिक सङ्कट र निकासका सन्दर्भमा संसद्वादीहरूका आआफ्नै कार्यसूची छन् । केपीका लागि चुनाव गर्नु पहिलो कार्यसूची हो, प्रचण्ड-माधवहरूका लागि संसद्को पुनर्स्थापना । जसले र जुन उद्देश्यले संसद् भङ्ग गरायो, त्यसका लागि सङ्कटकाल र फासिवादी दमन कार्यसूची हुन सक्छ । नेपालको भूराजनीतिक अवस्था, देशमा थोपरिएको दलाल पुँजीवादी राजनीतिक व्यवस्था, शान्ति, समृद्धि र प्रगतिका लागि जनताको निरन्तर सङ्घर्ष, अन्तर ाष्ट्रिय स्वार्थका लागि शक्तिकेन्द्रहरूको चलखेल, स्वाधीनता र मुक्तिका लागि जनताको चाहनाजस्ता देशभित्रका तथ्यहरूको विश्लेषणले बताउँछ- यी कार्यसूचीहरूबाट पैदा हुने परिणाम भनेको पुनः अस्थिरता, पुनः अस्थिरता र पुनः अस्थिरता हो ।

यस्तो किन हुन्छ ? यसलाई ठीक किसिमले बुझ्नका लागि हामीले केही तथ्यहरूमा ध्यान दिन आवश्यक हुन्छ । पहिलो तथ्य के हो भने संसद्मा स्पष्ट बहुमत प्राप्त गरेको नेपाल कम्युनिस्ट पार्टीभित्र केपी र प्रचण्डबीचको झगडा किन पऱ्यो ? किनभने उनीहरूको एकता वास्तवमा एउटै सिद्धान्तमा आधारित थियो, 'आधा-आधा' को सिद्धान्त जसलाई उदारवादी पुँजीवादीहरूले विन-विनको सिद्धान्त भन्ने गर्छन् । यसलाई हामीले कैयौँ बहसहरूमा उल्लेख गरेका थियौँ, वली र प्रचण्डबीचको आधा-आधाको सिद्धान्त कुनै मार्क्सवादी सिद्धान्त होइन । यो वास्तवमा त्यो दन्त्यकथाका ढाडेहरूको सिद्धान्त हो जहाँ तिहारको रोटी चोरेका ढाडेको झगडा छड्डु बाँदरले मिलाउँछ र सबै रोटी बोकेर कुलेलम ठोक्छ । अहिले प्रचण्ड र वलीका लागि कम्युनिस्ट पार्टीको सरकार र सरकारका कुर्चीहरू ठीक त्यस्तै भएका छन् ।

आधा-आधा भनेर गरिएको भित्री सम्झौतामा सहमति टुट्यो । सहमति टुट्नुमा धेरै मानिसको दृष्टिमा केपी र प्रचण्डको लोभी मन, भ्रष्टाचारी व्यवहार, अहंकारी रबैया, दलाली प्रवृत्ति, राष्ट्रघाती चरित्रहरू देखिन सक्छन् जो सर्वत्र सतहमा फैलिएका छन् ।

घटनाक्रमलाई यसरी हेर्नुपर्छ- संसद् किन विघटन भयो ? संसद् विघटन गर्नुपर्ने अवस्थामा केपी किन पुगे ? यसका कारणहरू नेपाली राजनीतिको सतहमा प्रस्टै छन् : आन्तरिक कलह, अन्तर्राष्ट्रिय शक्तिकेन्द्र मूलतः भारत र अमेरिकाबीचको छिनाझपटी र अस्थिरतामा फाइदा उठाउने मुनाफाखोर नोकरशाही दलाल पुँजीवादको दाउ । पहिलो कारण आन्तरिक कलह नै पऱ्यो । केपी र प्रचण्डबीच आधा-आधा भाग लगाएर खाने कुरा मिलेन । कमिसनखोर, दलाल, माफियाहरूको स्वार्थ मिलेन । वलीले यती होल्डिङ्सलाई बढाए । अरू घराना माफियाले खान पाएनन् । यसरी माउतेहरूको आन्तरिक कलह बन्यो ।

दोस्रो कारण अन्तर्राष्ट्रिय शक्तिकेन्द्रहरूको झगडा बन्यो । यद्यपि यो विषयलाई अहिले नितान्त राजनीतिक विश्लेषणका आधारमा हेर्न सकिन्छ तथापि के स्पष्ट छ भने अमेरिकी चासो नेपालमा जसरी पनि औपचारिक रूपमा सैन्य उपस्थिति

... बाँकी पृष्ठ ३ मा












... बाँकी पृष्ठ ३ मा

## अब के ...

गराउनेमा देखिन्छ । सके अमेरिकी सेना, नभए अस्ट्रेलिया, जापान र दक्षिणकोरियाली सेना नेपालमा राख्ने र अमेरिकी नेतृत्वमा परिचालित गर्ने अवस्था उत्पन्न गर्ने देखिन्छ । एकातिर सधैँभरि हङ पार्लियामेन्ट रहने, अर्कोतिर प्रतिबद्धताअनुसार प्रचण्डले एमसीसी पारित गर्न नसक्ने र अर्कोतिर प्रवेशका लागि सहज हुने परिस्थिति देखिएको कारण अमेरिकी एजेन्डामा रहेको एमसीसी संसद्बाट पारित गराउन अमेरिकाले तत्कालीन एमाले र माकेको एकीकरण गर्न मद्दत गरेको देखिन्छ । भारतसँग केपीको खटपट उपयोग गर्न नेपाली जनताले ६० वर्षदेखि सङ्घर्ष गर्दै आएको नेपालको लिम्पियाधुराको भूभाग नक्सामा प्रकाशित गर्न एमसीसीको पृष्ठभागीय भूमिकालाई इन्कार गर्न सकिन्न । अर्कोतिर केपीलाई साइजमा ल्याउनका लागि प्रचण्डसँग एकता गराउनु उपयुक्त हुने भारतीय विश्लेषण हुनसक्छ । यसरी आआफ्ना टेबलका एजेन्डामा जोडकोण मिलेका कारण अमेरिका र भारत दुवैले तत्कालीन एमाले र माकेको एकता गराउन सहमति भएको देखिन्छ । तर नेपाली राजनीतिको विकासक्रममा त्यो सहमतिले मेल खाएन । त्यो सहमतिले नेपाली संसद्बाट नक्सा पास भयो, एमसीसी पास हुन सकेन । त्यसको बदला एमसीसी दिन-प्रतिदिन बदनाम भयो र विज्ञापन गरेरै भए पनि प्रचार गर्नुपर्ने अवस्थामा पुग्यो । नक्साले भारतलाई चिढ्यायो, एमसीसीले अमेरिकालाई चिढ्यायो । दुवैले आआफ्नो हितमा प्रयोग गर्न खोजेको एकता अन्ततः दुवैको हितमा हुन सकेन जसको परिणाम अमेरिका र भारत दुवैका लागि यो संसद् विघटन गराउनु थियो ।

तेस्रो कारण भनेको माओवादी आन्दोलनको निसानसमेत मेट्ने अभियान हो । माओवादी आन्दोलनको मटियामेट बनाउनु भनेको समाजवादको अन्त्य गर्ने चेष्टा हो। नेपाली जनतालाई सधैँभरि कङ्गाल बनाउने, अशिक्षित जनताको प्रतिरोध नहुने अवस्था उत्पन्न गर्ने र देशको ब्रह्मलुट गर्ने अभियानमा नेपाली सत्ताको एउटा हिस्सा सम्पूर्ण हिसाबले लागेको छ । यो सत्ताको सञ्चालकको एउटा अत्यन्त अनुदारवादी, प्रतिगामी, परिवर्तनविरोधी र पश्चगामी पक्ष जो सेना, अदालत र नोकरशाहीतन्त्रमा आसी छ, त्यसले वलीलाई उचालेको छ । सत्ताभित्रको यो अनुदारवादी तप्काले देशभक्त, कर्मठ, राष्ट्रवादी सेना, प्रहरी, कर्मचारी, उद्यमी, व्यापारीलाई सदैव उत्पीडन गरेको छ, दमन गरेको छ र उसमाथि सधैँ निरङ्कुशता लादेको छ । यो तप्काले नेपालमा फासिवादी अभ्यास गर्नका लागि केपी वलीलाई उपयुक्त पात्र बनाएको छ । यो तप्काले लोभी, भ्रष्ट र दलालहरूको मनोविज्ञानअनुसार भित्र र बाहिर अनेक षड्यन्त्रहरूको सञ्जाल बनाएको हुन्छ । राष्ट्रपतिलाई महाभियोग लगाउने षड्यन्त्रको हल्ला केपी आफैँले गर्दै हिँडेका थिए । हङ पार्लियामेन्टमा प्रधानमन्त्री प्रचण्ड हुने, उनका समर्थक सभामुख हुने, पार्लियामेन्टमा बहुमत प्रचण्ड-माधवको हुने, राष्ट्रपतिलाई महाभियोग लगाएर उपराष्ट्रपतिलाई राष्ट्रपति बनाउने र सत्ता कब्जा गर्ने रणनीति भएको प्रचार भएको छ । यसका लागि प्रचण्डलाई यो तप्काले प्रोत्साहित गरेको पनि हुनसक्छ । माओवादी आन्दोलनको विसर्जन र जनयुद्धप्रति विश्वासघात गरे पनि नेपाली सत्ताको अनुदारवादी पक्ष प्रचण्डलाई नेपाली राजनीतिको खेताला मान्न तयार छ तर नेता मान्न तैयार छैन । यसरी हेर्दा सेना, अदालत र ब्युरोक्र्यासीको कट्टरवादी पश्चगामी पक्ष मिलेर संसद् विघटन गरेको देखापर्छ ।

षड्यन्त्रका गुह्यहरू कानेखुसीमा हुने गर्छन् जसलाई जस्केलामा मानिसहरू अनुमान गर्न सक्छन् तर वास्तविकता हेर्न व्यवहार पर्खनुपर्छ । कानुनी बाध्यताले अप्ठ्यरोमा परेका, पार्टीको अवस्थाले कमजोर भएका र जनयुद्धका मुद्दा छाडेका कारण जनताको आँखामा बेइमान ठहरिएका प्रचण्डमा निश्चित रूपमा पार्टी फुटाउने मनसाय नहुन सक्थ्यो तर परिस्थितिले यसो नहुँदानहुँदै विदेशीहरूको आडमा र भरोसामा पार्टी फुटाएको देखिन्छ । हुनत त्यो पार्टीको एकता हुँदाखेरि नै हामीले राजनीतिक विश्लेषण गरेका थियौँ- एकता भए पनि प्रचण्डका लागि पार्टी फुटाउनुको विकल्प रहनेछैन । त्यतिबेला जे विश्लेषण गरिएको थियो, अहिले भयो पनि त्यस्तै । केपी वलीले उठाएको टिप्पणीलाई आधार मान्ने हो भने विदेशी शक्तिको भरोसामा प्रचण्डले १८ बुँदे आरोप तयार गरे । आरोपका बुँदाहरू यति प्रस्ट छन्- केपीको गुप्त अभिमान सामन्तको सम्मान ढलेझैं भयो । पुरानो नेपाली समाजको जार-भतारको लडाइँजस्तै बनायो जसले न प्रचण्ड, न त केपीका लागि पछाडि फर्कने अवस्था बनायो । नो टर्निङ प्वाइन्टमा पुगेपछि जुन शक्तिले प्रचण्डलाई उच्कायो, विश्वास दिलायो र टुप्पीमा समातेर मागिउठायो त्यही शक्तिले केपीलाई समर्थन गर्‍यो र प्रचण्डलाई नराम्ररी थेचारिने गरी टुप्पी छाडिदियो । भारतीय 'रअ' का प्रमुख सामन्त गोयलको गुपचुप नेपाल भ्रमण र भेटघाटको समाचार उनैले खुला गर्नु त्यसको रहस्य देखिन्छ किनभने उनीहरू नै यस्ता खेलाडी हुन् जसले आन्तरिक झगडामा फाइदा लिन सक्छन् ।

केपीले संसद् भङ्ग गरे पनि नेपालका संविधानविज्ञको तर्कमा भङ्ग गर्ने संवैधानिक आधार कहीँ छैन । यो कुरा केपीले नबुझेका होइनन् । तर यो कानुनीभन्दा राजनीतिक निर्णय हो । त्यसका आधारमा अब संसद् पुनर्स्थापनाको सम्भावना न्यून छ । कानुनी भाषामा प्रचण्ड-माधवको मुद्दा एकसरो पराजित भयो किनकि सर्वोच्च अदालतबाट स्टे अर्डर भएन । त्यसो गर्दा संसद् विघटनले वैधानिकता पायो । अब विषय संवैधानिक इजलासमा गएको छ । न्यायाधीशजति सबै एक ठाउँमा देखिन्छन् केपीका पक्षमा । मुद्दा अदालतमा देखिए पनि चाबी 'पावर सेन्टर' हरूको हातमा देखिन्छ । पावर सेन्टरहरूको स्वार्थमा अप्रत्याशित बदलाव आएन भने संसद् पुनर्स्थापना हुँदैन । ब्युरोक्र्यासी, सेना, अदालत र विदेशी सबैले सहमतिमा संसद् विघटन गरेको देखिन्छ । यद्यपि प्रचण्डका पक्षमा पावर सेन्टर आउने देखिँदैन तथापि यो तथ्यलाई इन्कार गर्न सकिँदैन- केपीको राष्ट्रवादलाई चुरचुर पार्नु छ भने प्रचण्ड-माधवको मुद्दा पास हुनेछ र संसद् पुनर्स्थापित हुनेछ ।

सरकारले सत्ता टिकाइराख्न विकासको नारा निकै उछाल्ने गरेको थियो । समृद्धिको निकै हल्ला गरियो । जुन बाटोबाट समृद्धि भनेका थिए त्यो डेग चलेन । केपी वलीका अर्थशास्त्रीहरू पनि नेपाली जनताका अगाडि मात्र होइन, विश्वका अगाडिसमेत उल्लु बनेका छन् । ठाउँठाउँमा टावर बनाउने हल्ला चल्यो । पानीजहाज चलाउने, चीनको बेइजिङ र भारतको दिल्लीबाट काठमाडौँ, पोखरा, लुम्बिनी रेलले जोड्ने, पोखरा-काठमाडौँ मेट्रो चलाउने, काठमाडौँमा मोनोरेल गुडाउने अनेक योजनाको फर्मान गरियो तर सरकारको समयमा ५० प्रतिशत व्यतित हुँदा विकास बजेटमा केवल ११ प्रतिशत खर्च भयो । चालू खर्च भने शतप्रतिशत र बेरुजू हुनेभन्दा दोब्बर । विकासका गफ जति गरे पनि वास्तविक जीवनमा किसानले मल पाएनन्, सामान्य अवस्थामा त के, कोभिडको महामारीमा समेत भोकाले खान पाएनन् । कुनै पनि जनताले घरबारविहीन रहनुनपर्ने हल्ला गरियो तर मानिसहरू घरबारविहीन छन् । भ्रष्टाचार नगर्ने र गर्न पनि नदिने नारा प्रधानमन्त्री र मन्त्रीको टाउकोमाथि माउरझैँ ठड्याइयो परन्तु केपीका नोकरशाह सचिवहरू र मन्त्रीहरू भ्रष्टाचारमार्फत अकुत रकम जम्मा गर्न खटाइए । सूचना तथा सञ्चारमन्त्री, स्वास्थ्यमन्त्री, रक्षामन्त्री, अर्थमन्त्री अथवा केपीको भागमा परेका सबै मन्त्री र मन्त्रालयहरू कमाइमा केन्द्रित भए । सत्ताको रसिलो स्वादमा केपीको एक गुटको मात्र हालीमुहाली भयो । प्रचण्ड, माधव, झलनाथ र वामदेवकाले केही पाएनन् । त्यसले अन्तरविरोध बढायो ।

यसप्रकारको अन्तरविरोध बढ्नुको कारणमा हाम्रो विश्लेषणमा देशको दलाल पुँजीवादी उत्पादन सम्बन्धले काम गरेको छ । मार्क्सवाद-लेनिनवाद-माओवादको दर्शनले वस्तुलाई तथ्यमा जोडेर अध्ययन गर्छ र तथ्यबाट सत्यको खोजी गर्छ । यसरी हेर्दा नेपालमा वली र प्रचण्डका बीचको झगडामा मानिसका बहसमा आएका परिणामहरू अवश्य छन्, त्योभन्दा महत्वपूर्ण तथ्य के छ भने त्यो स्थानमा पुर्‍याउने नेपालको दालल पुँजीवादी व्यवस्था हो ।

नेपालमा दलाल पुँजीवाद र नोकरशाही पुँजीवादको विकास कहिलेदेखि भयो भन्ने विषयमा छुट्टै अध्ययन गर्नुपर्छ । सामान्यतः वीरशमशेर जबराले देशको सम्पत्ति विदेशमा जम्मा गर्ने प्रचलन चलाएपछि नेपालमा नोकरशाही पुँजीको विकास भएको मान्न सकिन्छ । विशेषतः २००६-७ सालको वरपरबाट विकास भएको नोकरशाही दलाल पुँजीवादको अहिले उच्चतम् चरणमा आएको छ । नोकरशाही दलाल पुँजीपतिहरूले निर्वाचित प्रतिनिधिहरूको पक्ष-विपक्ष रिझाएर सत्तामा बस्ने र अकुत सम्पत्ति कमाउने देशको लुटेरा संस्कृति बन्यो । दलाल पुँजीवादीहरू नेपालमा तीन खेमामा देखिन्छन् : पहिलो प्रकार स्थायी सरकारका रूपमा रहेको नोकरशाहीतन्त्र अर्थात कर्मचारीतन्त्र हो । यसलाई नोकरशाही दलाल पुँजीवादी वर्ग भन्न सकिन्छ । दोस्रो प्रकार भनेका निर्वाचित प्रतिनिधिहरू हुन् जो राज्यको प्रधानमन्त्री, मन्त्री हुँदै गाउँसम्मका निकायहरूमा टाँसिएका हुन्छ । यसलाई पनि नोकरशाही दलाल पुँजीपति वर्ग भन्ने गरिन्छ तर यसलाई निर्वाचित दलाल पुँजीपति वर्ग भन्नुपर्छ । तेस्रो प्रकारको दलाल पुँजीपति वर्ग निर्वाचित नभएको, कुनै ओहोदामा नियुक्ति नलिएको तर व्यापार, व्यवसाय र उद्योग कब्जा गरेको पुँजीपति वर्ग रहने गरेको छ जसले स्वदेशी बजार र विदेशी व्यापारिक कमिसनका कारण जनजीविकाको क्षेत्र कब्जा गरेको छ । यसलाई व्यापारिक तथा घरानिया दलाल पुँजीपति वर्ग भन्न सकिन्छ । यी तीन प्रकारका दलालहरूको अन्तरसम्बन्ध ओदानका तीन खुट्टाजस्तो गरी उभिएका हुन्छन् अथवा एकले अर्कोलाई उभिन मद्दत गर्छन र उनीहरूको मिलोमतोमा देश चलेको हुन्छ । देशमा शोषण-उत्पीडन चलेको हुन्छ । समग्रमा यी तीन प्रकारका दलाल पुँजीपतिहरूको समुच्चलाई सत्तासीन दलाल पुँजीवाद भनिन्छ र यसले देशको समग्र सत्ता सञ्चालन गरेको हुन्छ । नोकरशाही दलाल पुँजीवादमा हुने प्रवृत्ति भनेको राज्यबाट प्रत्यक्ष रूपमा कम पैसा कमाउने र व्यापार र सम्झौताबाट अप्रत्यक्ष रूपमा अकुत पैसा कमाउने अवस्था निर्माण गर्नु हो । अनिर्वाचित दलाल पुँजीपतिहरूले विदेशी सामान लिने र अकुत सम्पत्ति कमाउने गरेका छन् । दलाल पुँजीवादले विदेशबाट कमिसन र नोकरशाही पुँजीवादले निर्वाचित वा अनिर्वाचित रूपमा शोषण गर्छ ।

सामान्यतया औद्योगिक उत्पादनबाट बनेको माल तथा व्यापार पुँजीवाद बैङ्किङ व्यवस्थाको विकाससँगै वित्तीय पुँजीवादमा विकास भयो । पछि यो एकाधिकार पुँजीवादमा विकास भयो । पहिलो विश्वयुद्धपछि भएको उपनिवेशको अन्त्य र नवउपनिवेशको विकाससँगै एकाधिकारवादी साम्राज्यवादले उत्पीडित देशहरूमा दलाल पुँजीवादको विकास गर्‍यो । दलाल पुँजीवादको विश्लेषण माओले गर्नुभयो । दलाल तथा नोकरशाही पुँजी सुरुमै एकाधिकार प्रकारको थिएन । समयको विकाससँगै देशभित्र पनि यसले एकाधिकारको चरित्र धारण गर्न पुग्यो । नेपालमा २०४६ सालदेखि अहिलेसम्म आउँदा नोकरशाही र दलाल पुँजीवादीहरूका बीचमा एकाधिकारवादी (मोनोपोलिस्टिक) चरित्र देखापरेको छ जुन केपी र प्रचण्डहरूबीचको अन्तरकलहमा अभिव्यक्त भएको छ । संसदीय व्यवस्थामा गुटैगुट निर्माण हुनु, एउटा गुटले अर्को गुटलाई सिध्याउने अवस्था बन्नु, दलालहरूका बीचमा मेलमिलाप नहुनु एक प्रकारले देशभित्रको लुटका लागि एकाधिकार कायम गर्न खोज्नु हो । वली र प्रचण्डबीच आधा-आधाको सहमति हुनु तर बीचमै सहमति तोडिनु, प्रचण्डका मल व्यापारीको ठेक्का रद्द गरिनु तर केपीको यती होल्डिङ्सले सबै सम्पत्ति कुम्ल्याउनु, प्रचण्डको टाउकोमा अख्तियारको फाइल हल्लाउनु तर केपीका सबै मन्त्री भ्रष्टाचारमा चोख्याइनु केपी समर्थित निर्वाचित, नोकरशाही र घरानियासहित एक जोर दलाल पुँजीपतिको एकाधिकारवादी चरित्र हो । प्रचण्ड प्रधानमन्त्री भएका हुन्थे भने स्थिति यस्तै हुने थियो र यो सिथिति शेरबहादुर, बाबुराम वा दलाल संसदीय व्यवस्थामा कुनै बहादुर प्रधानमन्त्री भए पनि एउटै र एकै प्रकारको हुने थियो सत्तामाथिको एकाधिकारवादी लुटखसोट । सबैका आआफ्नै एक जोर मिलेको हुन्थ्यो । एकाधिकारवादी चरित्र भएकाले एकले अर्कोलाई सिध्याउने स्थिति बन्यो । यो अवस्था भनेको नेपालमा दलाल पुँजीवादी संसदीय व्यवस्थाको सङ्कट हो ।

अब के गर्ने ? पहिलो तथ्य के हो भने नेपालको दलाल पुँजीवादी वर्गको सत्तासीन तप्का केपी गुटले प्रस्थापना गरेको संसद्को चुनावले निकास दिन सक्दैन । भलै केपी वली र उनको एक जोर दलाल समूह जोडतोडले त्यसको प्रचारमा लागेको छ । त्यस्तै गरी दोस्रो तथ्य स्पष्ट छ-क प्रचण्ड-माधवहरूको अर्को जोर दलालहरूले प्रस्तावना गरेको संसद्को पुनर्स्थापनाले देशको निकास दिन सक्दैन । तेस्रो तथ्य के हो भने, यी दुई गुटको जोडजुलुमबाट पैदा हुनसक्ने सङ्कटकाल वा फासिवादी दमन, भ्रष्टाचारी, लुट र स्वेच्छाचारिता पनि देशको राजनीतिक निकास हुन सक्दैन । वास्तवमा दुर्भाग्यवस भन्नुपर्छ देशको ठूलो हिस्सा अहिले यिनै तीन विकल्पको वरिपरि घुमिरहेको छ ।

तर नेपाली राजनीतिको वैज्ञानिक विकल्प अहिले हरेक नेपालीको मस्तिष्कमा घुमिरहेको छ । त्यसले बिस्तारै आकार ग्रहण गरिरहेको छ । त्यो हो नेपालको संसदीय दलाल पुँजीवादी व्यवस्थाको खारेजी र विकल्पमा वैज्ञानिक समाजवादी व्यवस्थाको स्थापना ।

हामीले बारम्बार स्पष्ट गरेका छौँ- समस्या व्यक्तिहरूको होइन, समस्या व्यवस्थाको हो । व्यक्ति खराब भयो भने राम्रो व्यवस्थाले व्यक्तिलाई सुधार्न सक्छ । व्यवस्था नै खराब छ भने राम्रो व्यक्ति पनि खराब हुनसक्छ । इतिहासमा हामी यसका हजारौँ उदाहरण देख्न सक्छौँ ।

हामीलाई यस्तो व्यवस्था चाहिएको छ जहाँ सम्पूर्ण नेपाली जनताले आफ्नो सरकार भएको अनुभूति गर्न पाओस् । सम्पूर्ण नेपाली जनताको गाँस, बास, स्वास्थ्य, शिक्षा, रोजगारीको प्रत्याभूत गर्न सकोस् जहाँ कुनै पनि कर्मचारीले भ्रष्टाचार गर्नु नपरोस्, जहाँ कुनै पनि व्यक्तिले भ्रष्टाचारी, व्यभिचारीमाथि कारबाही गर्न सक्ने होस्, जहाँको हरेक नागरिक राज्य र सरकारप्रति विश्वस्त हुने अवस्था बनोस् । त्यसका लागि नेपालमा यस्तो सत्ताको आवश्यकता छ जसले सम्पूर्ण शक्ति लगाएर देशलाई औद्योगिकीकरणको बाटोमा लैजाओस्, जसले लुटेरा, माफिया, घरानियाको लुटको सम्पत्ति कृषि, व्यापारिक तथा वस्तु उत्पादनको औद्योगिकीकरणमा लगानी गराओस्, जसले सम्पूर्ण नेपालीलाई स्वास्थ्य, शिक्षा, रोजगारीको ग्यारेन्टी गरोस्, जसले सम्मानजनक जीवनयापनका लागि नेपाली सेना, नेपाल प्रहरी, चिकित्सक, कर्मचारी, रोजगारहरूलाई अहिलेको मुद्रामूल्यमा न्यूनतम् १ लाख प्रतिमहिना तलब दिन सकोस्, जसले व्यापारीकण गरिएका स्कुल तथा शैक्षिक प्रतिष्ठानहरूलाई राष्ट्रियकरण गरोस् र सम्पूर्ण बालबालिकालाई बोर्डिङ स्तरको सरकारी शिक्षा प्राप्त गर्ने अवस्थामा पुर्‍याओस्, जसले व्यापारिक अस्पतालहरूलाई राष्ट्रियकरण गरोस् र सम्पूर्ण नेपालीले निःशूल्क स्वास्थ्य प्राप्त गर्न सक्ने बनोस्, जसले किसानको उत्पादनलाई बजारको मूल्यमा होइन, किसानको श्रमको मूल्यमा भुक्तानी दिन सकोस् जसले मेरो र तेरोका रूपमा होइन, सम्पूण नागरिकलाई अभिभावकत्व दिन सकोस् । यसप्रकारको सरकार दलाल पुँजीवादी संसदीय व्यवस्थामा सम्भव छैन र एकाधिकारवादी चरित्र धारण गरेको दलाल संसदीय व्यवस्थामा कुनै पनि हालतमा सम्भव छैन । यसका लागि वैज्ञानिक समाजवादी व्यवस्था आवश्यक छ ।

यसप्रकारको वैज्ञानिक समाजवादी व्यवस्था देशका क्रान्तिकारीहरू, प्रगतिशील जनवादीहरू, अन्तर्राष्ट्रियतावादी राष्ट्रवादी (यो काम अन्धराष्ट्रवादीहरूबाट हुन सक्दैन) शक्तिहरूको एकीकृत प्रयत्नबाट स्थापना गर्न सकिन्छ । यी शक्तिहरूले कार्यनीतिक रूपमा अन्तरिम जनसत्ताको निर्माण गर्दै रणनीतिक लक्ष्यको वैज्ञानिक समाजवादमा पुग्न सकिन्छ । यिनै शक्तिहरूलाई एकताबद्ध गर्नु एकीकृत जनक्रान्तिको कार्यदिशा हो ।

पुस, २०७७

## रणनीतिक संयुक्त मोर्चा ...

जबर्जस्ती संसदीय संविधान, दलाल पुँजीवादी सत्ता र संसदीय व्यवस्था लादे । उनीहरूले आइन्दा कुनै अस्थिरता नआउने घोषणा गरे ।

संसदीय चुनावमा केपी वली र प्रचण्डहरूले चुनावी मोर्चा र पार्टी एकता गर्दै पाँच वर्षको स्थिर सरकार, सुख र समृद्धिको दाबा गरे । अस्थिरताबाट हैरान एवम् कम्युनिस्टहरू मिलून् भन्ने जनताहरू यसबाट प्रभावित र उत्साहित भए । चुनावमा लगभग दुई तिहाइको मत पाएर केपी-प्रचण्डहरू सरकारमा पुगे । सरकारमा पुग्दानपुग्दै उनीहरू पद, सुविधा र सत्तास्वादनका लागि लड्न थाले । जनता र राष्ट्रका विषयहरू छोडेर आपसी लडाइँमा हामफाले । नेपालमा कम्युनिस्टहरू हाबी भएको देख्नै नचाहने साम्राज्यवादी तत्वहरूले उनीहरूभित्रको गौँडा कुराकुरलाई मजाले खेलाए, खुब मच्चाए । तीन वर्षको लगातार कचिङ्गलपछि अन्ततः स्वार्थी कुम्ला बोकेर आआफ्नो बाटो लागे । केपी-प्रचण्डको विभाजनले उनीहरूलाई त रसातलमा पुर्‍यायो नै, देशलाई समेत गम्भीर सङ्कटतिर धकेल्यो ।

केपीले संसद् विघटन गरेपछि देशमा सङ्कट पैदा हुनुका कारणमा संसद्वादी दलहरूले एकले अर्कोलाई सरापिरहेका छन् । केपीले आफ्नै दलका प्रचण्ड-माधवहरूले काम गर्न नदिएको र ढाल्न खोजेको तर्क गरेका छन् । प्रचण्ड-माधवले केपीले पार्टीको निर्णय नमानेको साथै आफ्नो मनपरी गरेकाले समस्या आएको तर्क गरेका छन् । काङ्ग्रेस कम्युनिस्ट पार्टी सरकार चलाउन असफल भएको तर्क गर्दै छ । जनता समाजवादी केपी सरकार असफल भएको तर्क गर्दैछ । यसको समाधानबारेमा पनि उनीहरूका आआफ्नै धारणा छन् । मुख्यतः केपीले नयाँ चुनाव गरेर निकास दिनुपर्छ भनेका छन् । प्रचण्ड-माधवले संसद्को पुनर्स्थापना गरेर नयाँ सरकार बनाई निकास दिनुपर्छ भनेका छन् भने काङ्ग्रेस भित्रबाट चुनावमा जान चाहन्छ तर बाहिर संसद् विघटन गलत हो, जे भए पनि काङ्ग्रेस तयार छ भन्छ । तर हामी यो असफलता, सङ्कट आउनुको कारण केपी सरकार पनि हो तर यो मात्र होइन, प्रचण्ड-माधवको अवरोध पनि हो तर यो मात्र पनि होइन, कथित कम्युनिस्ट पार्टीको असफलता पनि हो तर त्यो मात्र पनि होइन । यसको मूल कारण भनेको दलाल पुँजीवादी सत्ता चलाइरहेका दलाल पुँजीपति वर्ग-समूहहरूको आपसी टक्कर र सङ्घर्ष हो । दलाल पुँजीपति र साम्राज्यवादी शक्तिहरूले खेलाउँदा खेल्ने कठपुतली चरित्रका पार्टी र नेताहरूको अवसरवादी-आत्मसमर्पणवादी चरित्रका साथै आपसी हानाथाप र सङ्घर्ष हो । साम्राज्यवादी शक्तिहरूको आपसी सङ्घर्ष र विफलता हो । आफ्नो स्वार्थका लागि जे पनि गर्न तयार दलालहरूको सत्ता र सरकारको विफलता हो । यस अर्थमा यो सङ्कटको मूल कारण भनेको दलाल पुँजीवादी सत्ता र संसदीय व्यवस्था हो । यसको समाधान पनि न केपी सरकारको परिवर्तन हो, न संसद्को पुनर्स्थापना हो, न त चुनाव नै हो । यसको वास्तविक समाधान भनेको दलाल पुँजीपति वर्गको सत्ता र व्यवस्थाको आमूल परिवर्तन हो । हाम्रो विचारमा यो विश्लेषण र निकासको विकल्प जनचाहनासँग मेल खाने विचार हो ।

तीन दशकको लामो संसदीय व्यवस्थाको अभ्यास र पटकपटकको असफलताले सिद्ध गर्छ- संसद्बाट संसद्को चक्कर, सरकारबाट सरकारको चक्कर, पात्रबाट पात्रको हेरफेर, एक पार्टीबाट अर्को पार्टीको सरकारको घुमाइबाट जनताले शान्ति र स्थिरता पाउने छैनन् भन्ने स्पष्ट हुन्छ । सङ्घर्ष, क्रान्ति र चाहनाका दृष्टिले जनता अग्रगामी र पार्टीहरू पश्चगामी साबित भएका छन् । पार्टी र नेताहरूले जनताभन्दा अगाडिको चिन्तन र प्रणालीको नेतृत्व दिनुपर्ने हो तर त्यो भएन, बरु पार्टी र नेताहरू नै जनचाहनाका अवरोधक बन्न पुगेका छन् । यसर्थ एकपटक जनचाहनाको नेतृत्व गर्दै देशलाई दीर्घ शान्ति, स्थिरता र समृद्धि दिन दलाल पुँजीवादी सत्ता र संसदीय व्यवस्था विस्थापन गरी वैज्ञानिक समाजवादी सत्ता स्थापना गर्नु वस्तुगत रूपले अनिवार्य बन्न पुगेको छ । यही आवश्यकता र सम्भावनालाई गहिरो बोध गर्दै हामीले नयाँ निकास र परिवर्तनका लागि रणनीतिक संयुक्त मोर्चा निर्माण गर्ने निर्णय गरेका हौँ ।

रणनीतिक संयुक्त मोर्चा निर्माण गर्ने चार पार्टी सहमति संयुक्त मोर्चा निर्माणको पहिलो आधारशिला मात्र हो । हामीले प्रस्ट बुझेका र भनेका छौँ- यो मोर्चा दलाल पुँजीवादी तथा प्रतिक्रियावादी राज्यसत्ता र संसदीय व्यवस्थाको विकल्पमा नयाँ जनताको सत्ता र व्यवस्था दिनुपर्छ भन्ने जुनसुकै राजनीतिक पार्टी, संस्था र व्यक्तित्वहरूसँग संस्थागत वा व्यक्तिगत रूपमा मोर्चाबन्दी र सहकार्य गर्ने मोर्चा हो । कम्युनिस्ट मात्र होइन, प्रगतिशील लोकतन्त्रवादी, देशभक्त शक्ति र व्यक्तित्वहरू सहभागी बन्नसक्ने मोर्चा हो । यही आधारमा हाम्रा कैयौँ मित्र पार्टी र व्यक्तित्वहरूसँग सौहार्दपूर्ण छलफल चलिरहेको छ । २३ दलीय मोर्चा र सहकार्यलाई पनि यही मान्यतासहित अगाडि बढाउन सकिनेछ । यद्यपि २३ दलीय मोर्चा रणनीतिक नभएर राष्ट्रियता, जनअधिकार र जनजीवनसँग सम्बन्धित मुद्दामा केन्द्रित मोर्चा हो । हामीले निर्माण गर्न खोजेको रणनीतिक मोर्चाले २३ दलीय मोर्चासँग मैत्रीमूर्ण सहकार्य गरी नै रहनेछ । यसमा पूर्वएमाले, पूर्वमाओवादी केन्द्र, नेपाली काङ्ग्रेस र जनता समाजवादी पार्टीभित्रका मित्रहरूले पनि सकारात्मक ढङ्गले सोच्न जरुरी छ ।

रणनीतिक मोर्चामा आबद्ध हामी पार्टीहरूको विश्वास छ- वस्तुगत एवम् आत्मगत, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय, जनताको अपेक्षा र पार्टीहरूको पहल जताबाट पनि देशलाई दलाल पुँजीवादी सत्ताको जन्जिरबाट मुक्त गर्न आवश्यक भइसकेको छ । हामी चाहन्छौँ- यस्तो निकास र परिवर्तन जनताले स्वीकार गर्ने, सहभागी हुने र अपनत्व ठान्ने राजनीतिक कार्यनीतिसहित अनि जनमत व्यक्त हुने राजनीतिक कार्यक्रमसहित होस् जसलाई हामी सहर्ष आत्मसात गर्न र नेतृत्व दिन तयार हौँ । यसबारे हाम्रो दृष्टिकोण छिट्टै प्रस्तुत हुने विश्वास दिलाउँछौँ ।

२० पुस, २०७७

वर्ष ६, अङ्क २१, पूर्णाङ्क २५४
रातो खबर साप्ताहिक

# शासकीय, नैतिकता र प्रतिबन्ध

**डा. शिवशङ्कर बस्याल**

कुनै बेला जमिनदारका टाउका काटेर क्रान्तिमा होमिएका केपी शर्मा वली दुई तिहाइको सरकारको सरकारका शक्तिशाली प्रधानमंत्री हुँदै यतिबेला विघटित संसद्का प्रधानमन्त्री बन्न पुगेका छन् । कम्युनिस्ट आन्दोलनको इतिहासमा चर्चित 'झापाकाण्ड' साम्यवादी विचार बोक्नेहरूको त इतिहास नै भयो । समाजवादी चिन्तन बोकेका बीपीले सम्म यो विद्रोहको सकारात्मक पक्षबारे चर्चा गरेका थिए । तर झापा विद्रोहलाई वक्तव्य निकालेर नै विरोध दर्ज गर्ने मनमोहन अधिकारी र तुलसीलाल अमात्यहरू भने अध्यक्ष मात्र होइन, प्रधानमन्त्रीसमेत बने । झापा विद्रोह गर्नेहरू र विरोध गर्नेहरू पछिल्लो समय कैद भुक्तानीपछि रातारात एक बन्न पुगे । नेपालीहरूको विगत बिर्सिने मनोविज्ञानमा राम्ररी रमाएका केपीलाई कुनै सचेत नागरिकले कुनै दिन झापामा गिँडिएका टाउकाप्रति गर्व छ वा पश्चाताप भनेर सोध्यो भने सायद केपी वलीको टाउको उचो हुँदैन, बरु भुइँतिर लत्रिन्छ । राजनीतिमा योभन्दा लाजमर्दो कुरा के हुन्छ ?

सामन्तवादी राजतन्त्रको छायाभित्र बाँचेको संसदीय व्यवस्था खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने थलो हो भन्दै काङ्ग्रेस र एमालेसँग खनिँदै जनयुद्ध सुरु गरेका प्रचण्ड अन्ततः एमालेकै शरणमा जनयुद्ध नै बिसाउन पुगे । यतिबेला जनयुद्धको औचित्यमाथि गर्व वा 'पश्चाताप'के छ भनेर सोध्दा सायद प्रचण्डको टाउकाको हालत पनि त्यस्तै हुनेछ । जनयुद्ध सुरु गर्दा प्रचण्ड-बाबुरामले बाँडेका सपना कस्ता थिए ? जसले आफूलाई मृत्युको मुखमा सजिलै होम्न तयार भयो ? आज ती सपनाहरू कहाँ छिरोलिएका छन् ? हिजो लाखौँको उनीमाथिको टाउकाको मोलले नहल्लाएको टाउको यत्ति एउटा प्रश्नले लत्र्याइदिनेछ । के यही पुँजीवादी गणतन्त्र, निजी शिक्षा, निजी स्वास्थ्य, निजी उद्योग, निजी कलकारखाना अझै उनकै भाषामा यही दलाल व्यवस्थाका लागि थियो ? यतिबेला उनी उनले भन्ने गरेका उनैं दलालका पो अर्दली बने । सन्तानको पीडा कति मर्माहत हुन्छ त्यो प्रचण्डले भोगिसकेको कथा हो । तर हजारौँ मानिसहरूको मृत्युका पीडा बुझ्ने जाँगर कहिल्यै राखेनन् । प्राणको बाजी लगाएर लडेका योद्धा स्वयम् खाडीमा कुहिनुको मर्मान्तमाथि सुन्ने फुर्सत प्रचण्डलाई नहुनुको पीडाको परिणति नै उनको वर्तमान अवस्था हो ।

विगतको समयमा प्रयोग हुँदै आएको शब्दावली अप्राकृतिक गठबन्धन केपी र मनमोहनहरूमा मात्र होइन, केपी र पुष्पकमलहरूमा पनि देखिन पुग्यो । जनयुद्ध कालभरि मार्न मराउन उद्यत शक्तिहरूको एकता त्यस्तै अप्राकृतिक थियो । यो एकता झन्डै एक दशकपछि जब प्रचण्डले माओवादी पार्टीलाई एमालेजस्तै बनाए तब मात्र केपीले सेन्सर पास गरे र एकता सम्भव भयो । यसलाई जेटमा २ पाइलट भनेर तुलना गरियो । एकातिर 'आतङ्ककारी' र अर्कातिर संसद्वादीको आरोप-प्रत्यारोपमा उत्रिने दुई दलहरू एक हुनुमा सत्ता साझेदारीको लोभ नै मुख्य थियो । सिद्धान्त, दर्शन र नैतिकतालाई रद्दीको टोकरीमा कुहाएर आफूहरूलाई मल बनाएपछि मात्र यो एकता सम्भव भएको थियो ।

गान्धीले भनेका छन्, सिद्धान्तविहीन राजनीति पनि एक किसिमको अपराध नै हो । जनतालाई बाँडिने आश्वासन एकापट्टि र वास्तविकता अर्कैपट्टिको व्यवहार नै विगतका कम्युनिस्ट पार्टीहरूको दोहोरो चरित्र हो । चाहे झापाकाण्डका केपी हुन् वा जनयुद्धका पीके । यी दुवैमा कथनी र करनीमा भारी अन्तर छ । तयारीबिना झापाकाण्ड मच्चाएका केपी केही महिनामै लत्रिन पुगे र जेलमा कोचिए । तयारीसहित जनयुद्धमा होमिएका प्रचण्ड केही वर्ष टिके तर यो वा त्यो रूपमा उस्तै संसद्वादको संस्करणमा देखिए । नेपाली राजनीतिका केन्द्रीय पात्र प्रचण्ड समयकालसँगसँगै ओरालो लाग्दै गए । कुनै जमानाका नेपाली माओ यतिबेला अरू कसैको सहारामा बाँच्नुपर्ने अवस्थामा आयो । यी दृष्टान्त भोलि अरू दयनीय बन्दै जानेछ ।

प्रचण्ड यो कालखण्डमा निरीह र लत्रिनुका कारण के थिए ? पहिलो संविधानसभामा जितेको शक्ति यति उदाङ्गो किन हुन पुग्यो ? यो उदाङ्गिनु सिद्धान्तबाट स्खलित हुँदै जानु थियो । त्योबाहेक मार्क्सवादको आफूअनकूल व्याख्या, पार्टीभित्र व्याप्त विलासिता, आर्थिक अपारदर्शिता, परिवारवाद, नातावाद, फरक मतको निषेध आदि । त्यति मात्र होइन, सङ्ख्यात्मक जोडघटाउमा माहिर प्रचण्डले वैद्य, बाबुराम र नारायणकाजीको आवश्यकताअनुसार राम्रै उपयोग र प्रहार दुवै गरे । पार्टीभित्र मात्र होइन, बाहिर पनि यो प्रयोगमा कहिले काङ्ग्रेस त कहिले एमाले तयार बनिदिए । सत्यताभन्दा जितलाई साथ दिने नेपाली मनोविज्ञान बुझेर नै प्रचण्डले कठिन घडीमा यथार्थ र निष्ठाभन्दा पनि जित अँगाल्ने बहानामा मार्क्सवादको कुरूप विद्रुपीकरण गर्न पुगे । अनुकूलताअनुरूप व्याख्या गर्ने उनको 'विशेष कला' अनुरूप नै कलात्मक आत्मसमर्पण गरेका छन् । प्रयोगको मनोविज्ञानमा माहिर प्रचण्डले जनयुद्ध सुरु गर्नेताका रोल्पालीको मनोविज्ञान प्रयोग गरे भने जनयुद्धको अन्त्यमा सहरिया सुकिलामुकिलाको । रोल्पालीहरूलाई हेराहेर पारे ।

पार्टी विभाजनका क्रममा वैद्यसँगै लागेका बादलको राजनीतिक चरित्र पनि त्यस्तै उदाङ्गो रह्यो । बेलाबखतमा प्रचण्डसँग मित र दुस्मनी दुवै सम्बन्ध अज्माएका बादलले दोस्रो संविधानसभाको निर्वाचनको समयमा खुलामञ्चबाटै प्रतीकात्मक मतपेटिका फुटाएर निर्वाचन खारेजी र बिथोल्नका लागि कार्यकर्ताहरूलाई निर्देशन गरे । आफैँले आह्वान गरेको त्यो बहिष्कारकै बीच जस्केलाबाट फुत्किएर प्रचण्डसँग गला मिलाउन पुगे र विप्लवहरूलाई तह लगाउने सर्तमा गृहमन्त्रीको बाजी मारे । विगतमा विप्लवलाई नजिकमा रहेका थिए, दमनको जिम्मा पनि उनकै हातमा पर्‍यो । हुँदाहुँदै सरकारमा केपीका जबर्जस्त मन्त्री कहलिए । एनसेलकाण्ड, निर्मलाकाण्ड, वाइडबडीकाण्ड, बास्कोटाकाण्ड, भानुभक्तकाण्ड, ईश्वरकाण्ड, सम्धीकाण्ड, कोरोना खर्चकाण्ड, ललितानिवासकाण्डमा उदासीन बादल भने रिहाइको आदेश पाएका विप्लवका नेता-कार्यकर्तालाई सत्रौँपटकसम्म पनि अदालतबाटै गिरफ्तार गरेर गलाउने कसरतमा देखिए जब कि यतिबेला विप्लव नेकपा, हिजो झापामा जस्तै मान्छे काट्दै हिँडिरहेको अवस्था पनि थिएन । जनयुद्धमा जस्तै प्रहरी चौकीमाथि हमला पनि गरिरहेको थिएन । अपराधीहरुलाई कालोमोसो र भ्रष्टहरूलाई कारबाही गरेकै बहानामा प्रतिबन्धको एकाएक घोषणा हुनु संयोग थिएन, योजना थियो । त्यो यतिबेला पुष्टि भएको छ । यो काममा जस्केलाबाट भागेर सिंहदरबार पुगेका बादलको अवतार सबैभन्दा विचित्रको छ ।

जनतालाई भन्ने कुरा एउटा र गर्ने कुरा एउटा नेपाली राजनीतिको अपराधीकरणको अर्को पाटो हो । नेपाली राजनीतिमा राजनीतिक अपराधबारे बहस हुनु आवश्यक छ । झापा विद्रोहमा केपीहरू र जनयुद्धमा प्रचण्ड-बादलहरू के यसैका लागि लडेका थिए ? मर्नेहरू यसैका लागि मरेका थिए ? के उनका ठाउँमा आफूले भ्रष्टाचार गर्न विगतमा टाउका गिँडिएका थिए ? के विदेशका गल्लीमा लाखौँ युवा बेच्न, आफ्ना नाता र कार्यकर्ता पोस्ने व्यवस्थाका लागि समय खर्चेको थियो ? यो राजनीतिक अपराधीकरण नभए के हुन्छ ?

दरबार उच्छेद गरे पनि राष्ट्रपति कार्यालय नयाँ राजसंस्था बनेको छ । दलाल र पुँजीपति मात्रै जित्ने र टिक्ने सङ्घीयता छ । वर्ग बिर्सेर जात र धर्मवादी धारणाहरू स्थापित गरिँदैछ । भ्रष्टाचारको संरक्षीकरण सत्ताबाटै छ । शिक्षा, स्वास्थ्य क्षेत्रको व्यापारीकरण नाङ्गो छ । युवा शक्ति विदेशमा बेचिएको छ जसको रेमिट्यान्सले सत्ता उत्सव मनाउँछ । न्यायका धारा मात्र होइन, न्यायमूर्ति किन्न पाइने प्रचलनको गिनिज रेकर्ड यही कम्युनिस्ट सरकारभित्र छ ।

प्रचण्डको बाहिरी रबाफी शैली भए पनि भित्री अवस्था भने क्रमशः खोक्रो बनिरहेको छ । यही अवस्थामा हो भने प्रचण्डको अस्तित्व ठूलो अपमान र कठिन पीडाबाट अन्त्य हुने अवस्था आउनेछ । राजनीतिमा प्रचण्ड सबैभन्दा बढी पराजित पात्र बन्नेछन् । आफ्ना लक्ष्यहरू मर्नु पराजय हो । त्योभन्दा ठूलो पराजय आफ्नो लक्ष्यको हत्यारो आफैँ हुनु हो । नभए केपी, प्रचण्ड र बादलहरूले हिजो क्रान्ति गर्दाको सङ्कल्प र हालको यात्राबीचको लेखाजोखा गर्नुपर्छ । तब मात्र विप्लवमाथि लगाइएको प्रतिबन्धको औचित्य पुष्टि हुन्छ । इतिहासले कहिलेकहीँ त्यस्तो अवस्थामा पनि शासकहरूलाई पछारेको छ जहाँ स्वयम् शासकहरू प्रतिबन्धित बनेका छन् । शासनमा रहनेहरूको सिक्ने स्वभाव कमैमा हुन्छ तर तिनैलाई समयले कहिल्यै उठ्नै नसक्ने गरी पाठ पढाएका दृष्टान्तहरू भने जरुर छन् ।

सन्दर्भ : २५ औँ बेथान वीरता दिवस

# ऐतिहासिक बेथानलाई पुनः एकचोटि सम्झँदा


रीतबहादुर खड्का 'प्रताप'

*सर्वहारा वर्ग बन्नु भन्नाको मतलब हो, उसको सांस्कृतिक रुपान्तरण सर्वहारासम्मत हुनु । पुरातन, रुढिवादी, सामन्ती, निम्नपुँजीवादीमा प्रतिगामी सांस्कृतिक आचरणको परित्याग र प्रगतिशील, ऊर्ध्वगामी वैज्ञानिक चिन्तन र सोचको अनुसरण नै सर्वहारावादी संस्कृतिको झिल्को हो । क्रान्तिकारी नेतृत्व र योद्धाले जबसम्म सर्वहारावादी उच्च नैतिकता र आदर्शलाई आफ्नो आचरण बनाउन सक्दैन, तबसम्म ऊ अविराम रुपमा युद्धलाई हाँक्न र लागिरहन असमर्थ हुन्छ । व्यक्तिवाद, जातिवाद, क्षेत्रीयतावाद र अन्ततः सङ्कीर्ण राष्ट्रियतावादसमेत गैरसर्वहारावादी चिन्तनका कसिला अभिव्यक्ति हुन् ।*

नेकपा (माओवादी) ले महान् जनयुद्ध सुरु गरेदेखि नै आफ्नै पार्टीको संरचनालाई फौजी बनाउने कुरामा प्रमुख जोड दिएको थियो । आफ्नो पहिलो थालनीको योजनाका प्रमुख तीन उद्देश्यहरूमध्ये पहिलो उद्देश्य भनेको 'सङ्घर्षको रूप युद्ध, पार्टीको रूप फौजी' भन्ने कुरालाई आत्मसात गरेको थियो । सोहीअनुरूप थालनीको योजना नै देशव्यापी रूपमा हजारौँ फौजी वा गैरफौजी कारबाही टिमबद्ध रूपमा सम्पन्न भएका थिए । उक्त कारबाही सम्पन्न गर्नका लागि स्वयम्सेवक दल, सुरक्षा दल, लडाकु दल निर्माण गरेर जनसेना निर्माणको प्रारूप खडा गरिएको थियो ।

## पृष्ठभूमि

सम्झँदा लाग्छ, घटना भर्खरको हो तर पात्रो पल्टाएर हेर्दा दुईवटा हिउँद बितिसकेका छन् । जति-जति समय बित्दै जान्छ, उति-उति घटनाको सम्झना कमी आउनुपर्ने हो तर कतिपय घटना र व्यक्तित्व त्यस्ता हुँदा रहेछन्, समयको प्रवाह र गतिशीलताका पनि झन्-झन् जीवन्त र ताजा यथार्थको उद्बोधन गर्ने तथा भविष्यका निम्ति मार्गनिर्देशन गर्ने बनेर स्मृतिपटलमा आइरहेको हुने रहेछ । त्यस्ता खालका घटनाले हरबखत अगाडि बढ्नका लागि मार्गनिर्देशन गरिराखेको हुन्छ ।

ठीक आजभन्दा दुई वर्षअगाडि पुस १९ गते राती नेकपा (माओवादी), पूर्वाञ्चल ब्युरोअन्तर्गत रामेछापको बेथानमा छापामार दस्ताबाट सशस्त्र फौजी कारबाही सम्पन्न भएको थियो । सोही फौजी थिएन । जब सिङ्गो पार्टी र योजनाको उद्देश्यले उच्च फौजी कारबाहीको अपेक्षा गरिएको थियो ठीक त्यही परिस्थितिमा बेथान फौजी कारबाहीका बारेमा उत्कर्ष बन्न पुग्यो । यस कारबाहीका बारेमा प्रशस्त प्रकाश पार्ने काम भएका छन् तर हाल महान् आधारइलाका निर्माण गर्ने सन्दर्भमा अझ सो कारबाही र त्यहाँ बगेको रगतको मर्म र अर्थलाई गहिराइका साथ आत्मसात गर्नुपर्ने आवश्यकता खट्किएको छ । यसर्थ यसको गहिराइलाई निम्नरूपमा चर्चा गर्ने र बुझ्ने कोसिस गरिएको छ :

## मालेमावादप्रति प्रतिबद्ध बेथान कारबाही

संसारमा थुप्रै प्रकारका विद्रोह जन्मने गर्दछन् । अन्ततः ती विद्रोहहरू मालेमासम्मत नहुँदा र मार्क्सवाद-लेनिनवाद-माओवादका सार्वभौम सच्चाइलाई आफ्नो विशिष्टतामा सिर्जनात्मक ढङ्गले लागू गर्न नसक्दा असफलतामा टुङ्गिने गर्दछन् । इमानदारीपूर्वक असल नियतले विद्रोहको झन्डा उठाउनु मात्र पर्याप्त मानिँदैन । त्यसलाई एकपछि अर्को विजयको शिखरमा उठाउन र टिकाइराख्नका निम्ति मालेमावादका जाललाई कुशलतापूर्वक व्यवहारमा लागू गर्न सक्नुपर्दछ । चाहे त्यो एउटा कार्यनीतिक सवाल होस्, चाहे रणनीतिक सवाल नै किन नहोस् । मालेमावादको उचित समायोजनको र प्रयोगद्वारा मात्रै कुनै पनि युद्धलाई विजयसम्म पुऱ्याउन सकिन्छ । मालेमावादको सही प्रतिबद्धता, दृष्टिकोण, चिन्तन,


सहिद क. तीर्थ गौतम


सहिद क. फत्तबहादुर स्माली मगर


सहिद क. दीलमाया बम्जन

कारबाहीका पूर्वाञ्चल उपक्षेत्रीय ब्युरोका सदस्य तथा छापामार कमान्डर क. तीर्थ गौतम, छापामार सदस्य क. दिलमाया बम्जन, र क. फत्तबहादुर मगर (स्माली) ले दुस्मनविरुद्ध लड्दालड्दै सहादत प्राप्त गर्नुभएको थियो । बेथान कारबाहीका सन्दर्भमा जनयुद्धको विकासको सापेक्षित अवस्था, दुस्मनको फौजी शक्ति र सतर्कता आदि सबै कुरोलाई हेर्ने हो भने उक्त कारबाही बहुआयामिक र दूरगामी महत्वको रहेको छ । यो कारबाहीको अन्तर्यमा पुगेर अध्ययन गर्ने हो भने राजनीतिक र फौजी दुवै पक्षमा हरेक समस्याको समाधानका कुँजीका रूपमा, ऐतिहासिक महत्वको घटनाका रूपमा नयाँ पुस्ता र युगलाई प्रेरणाको पुञ्ज बनिरहेको छ बेथान ।

जनयुद्धले आफ्नो थालनी योजनाको सम्पूर्ण लक्ष्य र उद्देश्य शतप्रतिशत हासिल गरेर थालनीको योजनाअन्तर्गत, 'योजनाबद्ध ढङ्गले छापामार इलाका निर्माण गरौँ' भन्ने मूल नारासहित २०५३ साउन महिनादेखि नै दोस्रो योजना शानदार ढङ्गले अघि बढिरहेको थियो । उक्त योजनाको मूल उद्देश्य (क) छापामार इलाकाको निर्माण गर्ने, (ख) युद्धसामग्री कब्जा गर्ने र दुस्मनको शक्ति छिन्नभिन्न गर्ने र, (ग) छापामार इलाका निर्माणका लागि व्यापक जनपरिचालन गर्ने गरी जम्मा तीनवटा रहेका थिए । प्रारम्भिक अवस्थामै दोस्रो योजना अद्भुत ढङ्गले देशव्यापी रूपमा सफल भइरहेका थिए । यसका विरुद्ध दुस्मनको शक्तिसमेत हत्या, हिंसा, दमन र धरपकड नयाँ-नयाँ हथकण्डाहरू अवलम्बन गर्दै जनयुद्धको गला रेट्ने भगीरथ कोसिस गरिरहेको थियो । दुस्मन दोस्रो योजनालाई हरतरहले विफल पार्न र माओवादीलाई तहसनहस पार्न प्रयत्नशील थियो । यस्तो कठिन परिस्थितिमा उच्च साहस, शौर्य र विवेकको उचित सन्तुलनबेगर दुस्मनको फौजी अखडामा धावा बोलेर घरेलु र कमसल हतियारले परास्त पार्न प्रायः सम्भव व्यवहार र क्षमताको उचित समायोजनको अभावमा कुनै पनि विद्रोह विजयसम्म पुऱ्याउन सकिँदैन । क्रान्तिकारी युद्धमा आत्मसुरक्षावाद र दुस्साहसवाद दुवै हानिकारक सिद्ध हुने गर्दछन् । मालेमावादलाई सही रूपमा पकड्न नसक्दा युद्ध कि आत्मसुरक्षावाद कि त त दुस्साहसवादमा फस्नु अनिवार्य छ । दुवै प्रकृतिको वर्ग निम्नपुँजीवादी वर्ग भएकाले यसको विसर्जनमा पतन पनि त्यत्तिकै अनिवार्य छ । यो जसरी समग्र युद्धमा लागू हुन्छ किनकि दृष्टिकोणको अभिव्यक्ति रूप नै व्यवहार भएकाले हरेक कार्यनीतिक प्रश्न वा कारबाहीमा समेत मालेमावाद पेचिलो ढङ्गले लागू भएको हुन्छ । त्यस्तै, बेथानमा बगेको रगत राजनीतिक रूपमा अकर्मण्यतावाद र फौजी रूपमा आत्मसुरक्षावादविरुद्धको एक सशक्त द्योतक हो भन्ने कुरामा दुई मत हुनै सक्दैन ।

युद्धलाई शान्त, सभ्य, शालीनतापूर्वक सोच्नु र अपेक्षा राख्नु फगत आदर्शवाददेखि अरू केही हुन सक्दैन । युद्धमा बलिदानदेखि डराएर तिघ्रा कमाउनुको अर्थ हुन्छ, अन्ततः युद्ध नै नगर्नु । मात्र कुरो के भने युद्धमा रगत उचित र सचेत ढङ्गले बग्छ कि बग्दैन भन्ने नै हो । त्यसैले, महान् सहिद क. तीर्थ गौतमले भन्नुभएको थियो, 'सहिदहरू दुईप्रकारका हुन्छन् : एकथरी बनाइएको हुन्छ भने अर्काथरी बनेका हुन्छन् ।'

## सर्वहारावादी उच्च नैतिकता र आदर्शको प्रतीक बेथान

युद्धमा थुप्रै मान्छेहरू आउने गर्छन् जो मार्क्सवाद-लेनिनवाद-माओवादको ज्ञानले पोख्त त हुन्छन् तर साँचो अर्थमा सर्वहारा बन्न सकिराखेका हुँदैनन् । एकैचोटि यो बन्नु सम्भव पनि छैन । सर्वहारा वर्ग बन्नु भन्नाको मतलब हो, उसको सांस्कृतिक रूपान्तरण सर्वहारासम्मत हुनु । पुरातन, रूढिवादी, सामन्ती, निम्नपुँजीवादीमा प्रतिगामी सांस्कृतिक आचरणको परित्याग र प्रगतिशील, ऊर्ध्वगामी वैज्ञानिक चिन्तन र सोचको अनुसरण नै सर्वहारावादी संस्कृतिको झिल्को हो । क्रान्तिकारी नेतृत्व र योद्धाले जबसम्म सर्वहारावादी उच्च नैतिकता र आदर्शलाई आफ्नो आचरण बनाउन सक्दैन, तबसम्म ऊ अविराम रूपमा युद्धलाई हाँक्न र लागिरहन असमर्थ हुन्छ । व्यक्तिवाद, जातिवाद, क्षेत्रीयतावाद र अन्ततः सङ्कीर्ण राष्ट्रियतावादसमेत गैरसर्वहारावादी चिन्तनका कसिला अभिव्यक्ति हुन् । यी सबै चिन्तनका विरुद्ध सर्वहारावादी हित र मुक्तिका निम्ति आफ्नो प्राणको उत्सर्ग गर्नु नै सर्वहारा वर्ग आदेश अन्तर्निहित रहेको ठहर्छ । यस्तो गैरसर्वहारा प्रवृत्ति हरेक खालको कारबाहीमा समेत झल्कने गर्दछन् तर बेथान कारबाहीमा बगेको रगत अत्यन्तै उच्च र महान् छ । त्यहाँ क्षेत्रीयतावादका नमीठा सीमारेखालाई तोडेर उदात्तभावका साथ काभ्रेको रगत बेथानमा बगेको छ ।

## क्रान्तिकारी वीरता, साहस र विवेकको अनुपम सङ्गमको प्रतीक बेथान

युद्ध रक्तपातपूर्ण राजनीति हो । त्यसैले युद्धमा रगत बग्नु अनिवार्य नियम हो । क. शैशवले भन्नुभएझैँ 'रगत क्रान्तिको ऊर्जा हो ।' त्यस्तै, माओले 'युद्धमा बलिदानदेखि नडराई लगातार लड्दै जाऊ' भन्नुभएको छ । युद्धलाई शान्त, सभ्य, शालीनतापूर्वक सोच्नु र अपेक्षा राख्नु फगत आदर्शवाददेखि अरू केही हुन सक्दैन । युद्धमा बलिदानदेखि डराएर तिघ्रा कमाउनुको अर्थ हुन्छ, अन्ततः युद्ध नै नगर्नु । मात्र कुरो के भने युद्धमा रगत उचित र सचेत ढङ्गले बग्छ कि बग्दैन भन्ने नै हो । त्यसैले, महान् सहिद क. तीर्थ गौतमले भन्नुभएको थियो, "सहिदहरू दुईप्रकारका हुन्छन्, एकथरी बनाइएको हुन्छ भने अर्काथरी बनेका हुन्छन् ।" ठीक कुरा त्यही हो । युद्धका हरेक योजना र चरणहरू उचित ढङ्गले बन्छन् कि बन्दैनन् भन्ने नै हो । त्यसैले बेथान कारबाहीपूर्व एकजना जिम्मेवार कमरेडसँग कुरा गर्दै क. तीर्थ गौतमले भन्नुभएको थियो, "अब रगत अलि माथिल्लो तहबाट बगाउनुपर्छ ।' त्यस्तै, सोही कारबाहीमा प्रस्थान गर्नुअघि पनि उहाँले दृढतापूर्वक एकजना छापामारलाई "तिमी पहिला रगत बगाऊ" भन्नुभएको थियो । उहाँको यो महान् उद्गारलाई उहाँले कारबाहीमा वीरतापूर्वक लडेर आफ्नै जीवनमा कार्यान्वयन गरेर देखाउनुभयो । वर्गदुस्मनको फौजी किल्लामा आफ्नो रगत बगाएर जनयुद्धको विकासलाई अर्को मञ्जिलमा उठाउनुभयो । त्यसैले बेथान कारबाहीमा बगेको रगत तमाम क्रान्तिकारीहरूलाई वीरता, साहस र विवेकले प्रज्वलित भएको प्रेरणापुञ्जको उपहार हो जहाँ यसको अत्यधिक मात्रामा अभिव्यक्त भएको पाइन्छ । त्यसैले नेकपा (माओवादी), पूर्वाञ्चल क्षेत्रीय ब्युरोले पुस १९ गतेलाई 'वीरता दिवस' का रूपमा मनाउने निर्णय गरेको छ जसमा भनिएको छ, "बेथानले देखाएको बाटोमा अघि बढौँ ! पुस १९ गते वीरता दिवस मनाऔँ !"

## छापामार युद्धकौशलको भरपूर उपयोग भएको बेथान

जब दुस्मन फौजी रूपमै अत्यधिक श्रेष्ठतामा हुन्छ, त्यस अवस्थामा कमजोर फैजी क्षमताद्वारा परास्त गर्न गाह्रो पर्ने गर्दछ । त्यस स्थितिमा कार्यनीतिक रूपमा एकका विरुद्ध दसको शक्ति प्रयोग गर्नु र छापामार युद्धकलाको प्रयोग गर्नु नै एक मात्र विकल्प रहन्छ । जतिखेर बेथान कारबाही सम्पन्न हुन लागेको थियो, त्यस अवस्थामा एकातिर जनताको फौजी क्षमता दुस्मनको सापेक्षतामा अत्यन्तै न्यूनः कोटीमा थियो भने अर्कोतिर हाम्रो योजना दुस्मनसम्म एक्सपोज भएको स्थिति थियो । त्यस जटिल असाधारण परिस्थिति सिर्जना भएको बेला दुस्मनको अत्यधिक सतर्कता (चौबीसै घन्टा एलर्ट पोजिसनमा) को बाबजुद पनि बेथान कारबाही शानदार ढङ्गले सम्पन्न गरेर विजयपश्चात् पनि आफ्ना सम्पूर्ण फौज र उपलब्धिको एकरत्ति पनि क्षति नपुऱ्याई संरक्षण गर्न सक्नु त्यत्तिकै महत्वको विषय थियो । तसर्थ उक्त

... बाँकी ५ पेजमा

## ऐतिहासिक बेथानलाई ...

कारबाहीमा छापामार युद्धकला 'हान र भाग' को प्रचुर मात्रामा प्रयोग भएको थियो ।

### जनसेना निर्माणको उद्गम–बिन्दुका रूपमा बेथान

हुनत नेकपा (माओवादी) ले महान् जनयुद्ध सुरु गरेदेखि नै आफ्नै पार्टीको संरचनालाई फौजी बनाउने कुरामा प्रमुख जोड दिएको थियो । आफ्नो पहिलो थालनीको योजनाका प्रमुख तीन उद्देश्यहरूमध्ये पहिलो उद्देश्य भनेको 'सङ्घर्षको रूप युद्ध, पार्टीको रूप फौजी' भन्ने कुरालाई आत्मसात गरेको थियो । सोहीअनुरूप थालनीको योजना नै देशव्यापी रूपमा हजारौँ फौजी वा गैरफौजी कारबाही टिमबद्ध रूपमा सम्पन्न भएका थिए । उक्त कारबाही सम्पन्न गर्नका लागि स्वयम्सेवक दल, सुरक्षा दल, लडाकु दल निर्माण गरेर जनसेना निर्माणको प्रारूप खडा गरिएको थियो जुन अद्यावधि जनसेनाको आधारभूत शक्तिका रूपमा क्रियाशील रहेका छन् । त्यति नै बेला निर्माण भएका लडाकु दलको परिष्कृत र विकसित रूप नै वास्तवमा हिजोका छापामार दस्ता र आजको प्लाटुन दस्ता हो भन्न सकिन्छ तर बेथान कारबाही नेपाली क्रान्तिकारी इतिहासकै एउटा कोसेढुङ्गाका रूपमा स्थापित बन्न पुगेको छ जुन कारबाहीमा जनताका सेनाहरू दुस्मनको फौजी किल्लामाथि धावा बोलेर घन्टौँसम्म दोहोरो भिडन्त गरी ऐतिहासिक विजय हासिल गर्न सफल भए । अहिले भएका हरेक कारबाहीहरू बेथान कारबाहीको निरन्तर रूप हुन् भन्दा अतिशयोक्ति नहोला । त्यसैले यो दिनलाई नेकपा (माओवादी) पूर्वाञ्चल क्षेत्रीय ब्युरोले क्षेत्रीय स्तरमा ऐतिहासिक वीरता दिवसका रूपमा पुस १९ गते मनाउने निर्णय गरेको छ । त्यसैले बेथानको कारबाही जनसेना निर्माणको उद्गम-बिन्दु पनि हो भन्न सकिन्छ ।

### दोस्रो योजनाको उत्कर्ष बिन्दु बेथान

दोस्रो योजना जनयुद्धको निरन्तर योजनाको पहिलो चरण थियो । यो योजनाको मुख्य उद्देश्य भनेका मूलतः तीनवटा थिए : (क) योजनाबद्ध ढङ्गले छापामार इलाकाको निर्माण गर्नु, (ख) व्यापक रूपमा जनपरिचालन गर्नु र, (ग) दुस्मनसँग रहेको युद्धसामग्री कब्जा गर्नु । यस चरणमा पहिलो र दोस्रो उद्देश्य अत्यधिक र अपेक्षाकृत ढङ्गले नै हासिल भइराखेका थिए । तेस्रो उद्देश्यका निम्ति देशैभर भरपूर कोसिस भएको थियो । यसैक्रममा थुप्रै योद्धाहरूले उच्च सहादत पनि प्राप्त गरिरहनुभएको थियो । पश्चिममा क. दौलतविक्रमको सहादत सोही उद्देश्यका निम्ति भएको थियो । जिल्लामा स्थानीय सामन्ती सुदखोरहरूको हतियार कब्जा गर्ने काम पनि द्रुतगतिमा त्यही चरणमा सफल भएका थिए । फेरि पनि दोस्रो चरणको अन्तिम निष्कर्षमा भने कुनै कारबाही पुग्न सकिरहेका थिएनन् । जतिखेर राजनीतिक रूपमा अकर्मण्यतावाद र फौजी रूपमा आत्मसुरक्षावादको पार्टीभित्र प्रवेश गरेको खतरा थियो । त्यसलाई ठीक समयमा पहिचान गरेर जसले उच्च साहस, शौर्य र विवेकको प्रतीकका रूपमा बेथान कारबाही भयो । साँच्चिकै यस कारबाहीले वर्गदुस्मनको मनोबल गिराउन र जनताको मनोबल उठाउन ठूलो मद्दत गऱ्यो । तसर्थ यो कारबाहीलाई जनयुद्धको दोस्रो योजनालाई उत्कर्षमा पुऱ्याउने ऐतिहासिक कारबाहीका रूपमा लिन सकिन्छ ।

### निष्कर्ष

यसरी हामी के भन्न सक्छौँ भने २०५३ सालको पुस १९ गते रामेछापको बेथानमा भएको ऐतिहासिक सफल कारबाही क्रान्तिकारीहरूका निम्ति अत्यन्तै अनुकरणीय र प्रेरणापुञ्जकारी युगान्तकारी घटनाका रूपमा स्थापित भएको छ । यसको दूरगामी महत्व झन्-झन् अभिव्यक्त भइराखेको छ । हरेक नेतृत्व बेथानमा उच्च सहादत प्राप्त गर्नुहुने महान् सहिदहरू तीफदि हाम्रो गोरेटो बन्नुभएको छ । दोस्रो वार्षिकीमा बेथानलाई स्मरण गर्नु भनेको महान् आधारइलाकालाई निर्माण, रक्षा र सुदृढीकरणका निम्ति उचित ढङ्गले सचेततापूर्वक रगत बगाउनका लागि लागिपर्नु नै हो । यही आदर्शले अभिप्रेरित भएर मात्रै बेथानले देखाएको बाटोमा हिँड्न सकिन्छ । यसरी मात्र साँचो अर्थमा महान् सहिदहरूप्रति सम्मान र सद्भावको महत्वलाई झल्काउँछ । अन्त्यमा 'तीफदि' को दोस्रो वार्षिकीमा म यहाँहरूको अधुरो सदिच्छा पूरा गर्न सम्पूर्ण रूपले लागिपर्ने प्रण गर्दै श्रद्धाञ्जली अर्पण गर्दछु । महान् सहिद 'तीफदि'- लालसलाम !

***(नेकपा माओवादीको केन्द्रीय सदस्यको जिम्मेवारी निर्वाह गर्दागर्दै आफैँ बलिदान गरेका स्रष्टा प्रतापले यो लेख २०५५ सालमा लेखेका हुन्– सम्पादक ।)***

# क्रान्तिकारी पार्टी निर्माणका चुनौती


अमर झाँक्री 'सन्जिव'

अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा जस्तै नेपाली कम्युनिस्ट आन्दोलनका पनि सकारात्मक र नकारात्मक परिघटना रहेका छन् । अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा महान् बहससहित एकता र फुटका परिघटनाले भरिएको छ भने नेपाली कम्युनिस्ट आन्दोलन पनि महान् बहससहित एकता र फुटका परिघटनाहरूले भरिएको छ । पछिल्लोपटक नेपाली कम्युनिस्ट आन्दोलनको मूल प्रवाहको नेतृत्व गरेको सबैभन्दा ठूलो कम्युनिस्ट पार्टीमा फुट आएको छ । फुट साँचो अर्थमा राम्रो विषय होइन, परन्तु एकताका लागि चाहिने आधार भूत शर्त भनेको विचार/राजनीतिमा एकता हुनुका साथै, नीति कार्यक्रम, कार्यपद्धति, सङ्गठनात्मक सिद्धान्तको पालनामा एकरूपता आउनुपर्दछ । यी आधार भूत कुरामा एकरूपता आएन भने पार्टीमा एकताको सम्भावना कमजोर भएर जान्छ । कम्युनिस्ट पार्टीमा निरपेक्ष समानता त हुँदैन तर आधारभूत समानता र शर्तहरूको पालना भने सबैले गर्नैपर्दछ । एमाओवादी पार्टीमा शीर्ष नेतृत्वहरूका बीचमा विचार/राजनीतिमा केही गम्भीर प्रकृतिका मतभेदहरू हुनुका साथै नीति कार्यक्रम, कार्य पद्धति र सङ्गठनात्मक सिद्धान्तको पालनामा गम्भीर प्रकृतिका समस्या आइपुगे । जसको उपजका रूपमा राष्ट्रिय रूपमा हाम्रो पहलकदमी गुम्दै गएको र प्रतिक्रियावादीहरू सुदृढ हुँदै गइरहेको यथार्थतालाई राष्ट्रिय-अन्तर्राष्ट्रिय रूपमा आम जनसमुदायले गहिरो गरी अनुभूति गरेको कुरामा दुईमत हुन सक्दैन । विचार/राजनीतिमा एकरूपतामा लिन एवम् नीति कार्यक्रम, कार्यपद्धति र सङ्गठनात्मक सिद्धान्तको क्षेत्रमा देखापरेका गम्भीर प्रकृतिका समस्याको हल गर्दै पार्टीलाई एकताबद्ध गर्न वर्तमान हाम्रो नेतृत्वको तर्फबाट अधिकतम प्रयास भएको तथ्यलाई पनि गहिरो गरी मनन गर्नुपर्दछ । पार्टीभित्रको दुईलाईन सङ्घर्ष सञ्चालनको सात बुँदे विधि तय गरिनुका साथै, सडक र सदनसम्म पनि पुग्नुले उपर्युक्त तथ्यहरूलाई स्पष्ट गर्दछ । यस प्रकारको भित्री र बाहिरी दुईलाईन सङ्घर्षबाट पनि विचार/राजनीतिमा देखापरेको मतभेदहरू झन्पछि झन् झाँगिँदै जानुले समग्र क्षेत्रमा समस्यालाई अझ पेचिलो बनाउँदै लग्यो । अन्ततः पार्टी एकताको प्रयास निरर्थक सावित हुन पुग्यो । परिणाम पार्टी फुट हुन गयो । पार्टीको फुटपश्चात् आजसम्म पुग्दा देशका ७५ वटै जिल्लामा पार्टी समिति बन्नुका साथै, विभिन्न औद्योगिक प्रतिष्ठान र विभिन्न विभागीय क्षेत्रमा पार्टी समितिहरू बन्नुका साथै, जबस/मोर्चाका केन्द्र र क्षेत्रका समिति पनि बनिसकेका छन् । ती बनेका पार्टी समिति र जबस/मोर्चालाई कसरी व्यवस्थित गर्ने भन्नेबारेमा सबै स्तरका पार्टी समिति र तिनका नेतृत्वले ध्यान दिनैपर्दछ । विगतमा एकीकृत पार्टी सञ्चालनको अनुभवका आधारमा यहाँ पार्टी सङ्गठन निर्माण र परिचालनका बारेमा सङ्क्षिप्त चर्चा गरिनेछ :

पहिलो : नोकरशाही केन्द्रीयता र औपचारिक जनवादलाई खारेज गरिनुपर्दछ । कम्युनिस्ट पार्टी जनवादी केन्द्रीयताको सङ्गठनात्मक सिद्धान्तद्वारा चल्ने गर्दछ । जनवादको अर्थ स्वतन्त्रता र केन्द्रीयताको अर्थ अनुशासन हो । यसको मतलव स्वतन्त्रताको अर्थ अराजकता र केन्द्रीयताको अर्थ नोकरशाही बन्नु कदापि होइन । पुरानो पार्टीमा जनवादी केन्द्रीयताको सङ्गठनात्मक सिद्धान्त केवल नारामा मात्र सीमित रहेको थियो, जसलाई नोकरशाही केन्द्रीयता र औपचारिक जनवादमा कैद गरिएको थियो । पार्टीका तल्ला समितिहरूमा बहस केन्द्रित गर्ने, सुझाव केन्द्रित गर्ने कुराको उल्टो माथिका निर्णयहरू एकतर्फी रूपमा लाद्ने र तल्ला समितिका सुझाव बेवास्ता गर्ने, तथा पार्टी बाहिरका मानिसको रिपोर्टलाई योजना निर्माणको आधार बनाउँदै नेतृत्व मनोगतवादी हुँदै गयो परिणामतः पार्टी र सरकार, पार्टी र जनता, नेता र कार्यकर्ता एउटा एक्सिसमा चल्न सकेन र अलग-अलग हुन पुग्यो । नेता र कार्यकर्ता, पार्टी र जनता, पार्टी र सरकार एक- अर्कामा विश्वासमा होइन, बरु अविश्वासमा रूपान्तरण हुन पुगे । यी सबैको योगफलमा हामी चौतर्फी असफल सावितजस्ता भयौँ । हामीले नयाँ पार्टीमा जनवादी केन्द्रीयतालाई जीवन-व्यवहार बनाउनुपर्दछ । छलफलमा स्वतन्त्रता र काम-कारबाहीमा एकरूपता कायम गरी पार्टीलाई सजीव र जीवन्त बनाउनुपर्दछ । जनवादी केन्द्रियताको उल्टो व्यक्तिवादी तरिकालाई किमार्थ स्वीकार्नुहुँदैन ।

दोस्रो : आर्थिक प्रणालीमा भद्रगोल र अपारदर्शितालाई खारेज गरिनुपर्दछ । कम्युनिस्ट पार्टीका नेता/कार्यकर्ता साम्यवादी विश्वदृष्टिकोणद्वारा निर्देशित हुने भएको कारण उनीहरूले आफ्नो अर्थ-प्रणालीलाई सोही रूपमा प्रयोग गर्नुपर्दछ । आर्थिक स्रोतहरूलाई र खर्च प्रणालीलाई पारदर्शी बनाउनु हिसाब प्रणालीलाई एकद्वार प्रणाली बनाउनु, खर्च भएको हिसाबलाई सम्बन्धित समितिमा अनुमोदन गराउनु आदि कार्यप्रणालीलाई सम्पूर्ण तहका पार्टी समितिहरूले अवलम्बन गर्नुपर्दछ । पुरानो पार्टीमा हिसाब प्रणाली निकै भद्रगोल भयो । शान्तिप्रक्रियायता पार्टी केन्द्रीय समितिद्वारा आम्दानी र खर्च विवरण कहिल्यै पनि तल्ला समितिमा सर्कुलर गरिएन । केन्द्रीय समितिको अर्थ- प्रणाली भद्रगोल र अपारदर्शी हुनु आफ्ना नजिकका कार्यकर्तालाई खर्च दिने अन्य कमरेडलाई खर्च दिने सवालमा कञ्जुस्याइँ गर्ने कुरा गम्भीर विषय हो । संविधानसभाका सभासद्, मन्त्रीहरू विभिन्न




विभागीय क्षेत्रमा नियुक्ति भएकाको कुनै आर्थिक आचारसंहिता बनेन् । वाईसीएलमा पनि त्यसले केही विवाद ल्यायो । पीएलएबाट वाईसीएलमा समाविष्ट भएकाहरूलाई मासिक खर्च दिइने सङ्गठनबाट समाविष्ट भएकालाई आवश्यकतामा पनि अर्थ नहुँदा आपसी मनमुटावहरू देखा पर्न गए; जसलाई हल गर्न तल्ला समितिबाट पटक-पटक सुझाव पेश गरियो तर सुनुवाई भएन । एउटै मेसमा खाना खाने समान जिम्मेवारी सम्हालेका कमरेडहरू एकथरीले मासिक खर्च पाउने एकथरीले नपाउने अवस्था आएपछि पार्टी र नेतृत्वका विरुद्ध अविश्वास बढ्न थाले । एकथरी नेता-कार्यकर्ता ठेक्का पट्टा र विभिन्न उत्पादन मुलक सहकारीमा सहभागी हुन थाले । इमानदार नेता-कार्यकर्तामा भने पार्टी नीतिअनुसार नै अगाडि बढिरहे । अन्ततः उनीहरू पार्टीभित्रै अपहेलित हुने स्थिति आयो । जो कार्यकर्ता विभिन्न आय-आर्जनमा सहभागी भए, उनीहरूका जीवनमा अस्वाभाविक परिवर्तन आउन थाल्यो । क्रमशः जनताबाट पनि टिप्पणी आउने थाल्यो तर कुनै सुनुवाई भएन । परिणाम त पार्टी एक, वर्ग दुईको जस्तो हुन गयो । अन्ततः पार्टी विभाजनमा पनि यसले भूमिका निर्वाह गऱ्यो । हामीले नयाँ पार्टीमा माथि उल्लिखित समस्यालाई किमार्थ छुट दिनुहुँदैन । अर्थ-प्रणालीलाई पारदर्शी बनाउने, कुनै पनि निर्णय समितिमा अनिवार्य अनुमोदन गर्ने, अर्थ-प्रणालीलाई एकद्वार बनाउने कुरालाई अनिवार्य बनाउने, व्यक्तिगत आम्दानीको काममा लाग्नुपर्दा आफ्नो समितिको परामर्श र निर्णय लिने कुरालाई नीतिगत निर्णयमा बदलेर आर्थिक प्रणालीलाई पारदर्शी र चुस्त बनाउनुपर्छ ।

तेस्रो : पार्टी निर्माणमा विनिर्माणवादको खारेज गरिनुपर्छ । कम्युनिस्ट पार्टी सर्वहारावर्गीय पार्टी हो; जसको निर्माण क्याडरबेसमा आधारित हुनुपर्दछ । पार्टी निर्माणका बारेमा अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको इतिहासमा ठुल-ठुला बहस हुने गरेका छन् । खासगरी त्यस प्रकारका ठुला बहसहरू प्लेखानोभ,लेनिन र रोजाका बीचमा भएको छ । प्लेखानोभले सामान्य नारा जुलुसमा सहभागी हुने, पार्टीलाई समर्थन गर्ने, सहयोग दातालाई पार्टी सदस्यता दिने कुरा गरे । त्यसलाई खारेज गर्दै लेनिनले पार्टी सदस्यका तीन शर्त अगाडि सार्नुभयो । सङ्गठनात्मक अनुशासन, राजनीतिक अनुशासन र आर्थिक अनुशासन । सङ्गठनात्मक अनुशासनको तात्पर्य सङ्गठनको सिद्धान्तमा रहने, सङ्गठनको निर्णयलाई शिरोधार्य गर्ने, राजनीतिक अनुशासनको तात्पर्य पार्टीको मार्गदर्शन सिद्धान्तलाई शीर्षस्थानमा राख्ने, पार्टीका नीति कार्यक्रमलाई अङ्गीकार गर्ने एवम् आर्थिक अनुशासनको तात्पर्य मासिक लेवीलाई अनिवार्य गर्ने, श्रमसँग सम्बन्धित मामिलालाई पार्टी योजनासँग अनिवार्य जोड्नु हो । अन्ततः महान् बहसबाट लेनिनले प्रतिपादन गरेको पार्टी सङ्गठनको सिद्धान्त पारित भयो । चिनियाँ कम्युनिस्ट पार्टीमा पनि पार्टी निर्माणबारे ठुल-ठुला बहस भएका छन् । ती बहसका बीचबाट माओले पार्टी निर्माणमा 'तीनमा एक' को सिद्धान्त प्रतिपादन गर्नुभयो । युवा, प्रौढ र वृद्धको संयोजन गर्ने, आवश्यकता, वरिष्ठता र क्षमताहरूको संयोजन गर्ने, लाल र निपूर्णहरूको संयोजन गर्ने आदि माओद्वारा संश्लेषण गरिएको महत्वपूर्ण सिद्धान्त हुन् । हाम्रो पार्टीमा र सिङ्गो कम्युनिस्ट आन्दोलनमा पनि पार्टी निर्माणबारे धेरै थोरै बहस भए पनि सङ्गठनात्मक सिद्धान्तको प्रतिपादनको स्तरमा भने पुगेको छैन । पूर्व-एकीकृत पार्टी रहँदामाथि उल्लिखित लेनिन र माओद्वारा प्रतिपादित सङ्गठनात्मक सिद्धान्तलाई बेवास्ता गरियो र पार्टी निर्माणमा विनिर्माणवाद लागू गरियो । पार्टीमा नातावाद, कृपावाद, क्षेत्रीयता, जातीयताजस्ता नकारात्मक पहलुले प्रश्रय पाउन थाल्यो । पार्टी फुटको पूर्वसन्ध्यासम्म आइपुग्दा पार्टीमा चेन अफ कमान्ड भताभुङ्ग भयो र चौतर्फी डिस्अर्डर देखापऱ्यो । यो निकै दुःखदायी प्रश्न हो । पार्टीमा लामो समय योगदान गरेका नेता-कार्यकर्तालाई बेवास्ता गरिनु, नयाँ भर्तीको नाममा कुनै मापदण्ड तय नगरीकन पार्टीमा भर्तिगर्नु आदि हाम्रा नकारात्मक पक्षहरू हुन् । यसबाट सतर्क रहँदै हामीले पार्टी निर्माणमा मासबेस पार्टी होइन; मास-क्यारेक्टरयुक्त पार्टी निर्माणमा अगाडि बढ्नुपर्दछ र यसबारेमा नयाँ विधिको विकास गर्नुपर्दछ ।

चौथो : नेतृत्व निर्माणबारे नेतृत्वको विश्वासमा जोड देऊ, शङ्का गर्ने प्रश्नलाई ध्यान देऊ, नेतृत्व र नीति एक-अर्कामा अन्तर्सम्बन्धित रहेको हुन्छ । नेतृत्वले नीति बनाउँछ भने नीतिले नेता बनाउँछ । त्यसकारण नेता र नीतिका बीचमा द्वन्द्वात्मक सम्बन्ध रहन्छ । विगतमा हामीले नेतालाई देवत्वकरण गर्ने गल्ती गऱ्यौँ । स्तालिन र माओका मात्र होइन; बेलाबखत मार्क्स, एङ्गेल्स, लेनिनका व्यक्तित्व र कृतित्वमा समेत समीक्षा गर्न सक्ने हामी हाम्रा नेतृत्व र हामी आफैँलाई समीक्षा गर्न सकेनौँ । गऱ्यौँ त त्यो पनि औपचारिकतामा मात्र गऱ्यौँ । स्टालिनलाई अधिभूतवादी भन्ने र माओलाई सांस्कृतिक क्रान्तिको सुरु गर्न ढिलाई गरेको संश्लेषण गर्ने र कार्यकर्तालाई प्रशिक्षण दिने हाम्रो पार्टी र हामीहरू आज कहाँ पुग्यौँ ? नेकपाका स्थापक नेता पुष्पलाललाई हामी आदरणीय र क्रान्तिकारी मान्दछौँ, तथापि उहाँले सरकारमा सहभागिता जनाएको भए के गर्नुहुन्थ्यो होला ? यो एउटा विचारणीय प्रश्न मात्र हो । क्रान्तिको कुरा मुखमा आउँदा प्रतिक्रान्तिको कुरा घाँटीसम्म आइपुगेको हुन्छ भन्ने हाम्रा नेतागणले आफ्नै अनुभूति कार्यकर्ता-पङ्क्तिमा सेयर गरेका रहेछन् भन्ने कुरा आज व्यावहारतः पुष्टि भएको छ । भलै, हिजो त्यो कुरालाई सैद्धान्तिक रूपमा बुझिन्थ्यो । हामीले युद्धकालमा पार्टी र नेतृत्वको सकारात्मक गुण मात्र चर्चा गऱ्यौँ । साइनिङपाथका अध्यक्ष गोञ्जालोको उदाहरण दिँदै 'लिडरसिप डजन्ट डाई' एउटा व्यक्तिमा होइन; सिङ्गो सेटमा गरिनुपर्दछ भनियो तर त्योभन्दा झन् पश्चगामी सङ्गठनात्मक कार्यप्रणाली प्रयोग गर्दा हाम्रो यस्तो अवस्था भएको कुरालाई गहिरो गरी मनन् गर्नुपर्दछ । हामीले 'सबै स्तरका समितिमा एकले अर्कालाई समितिका सदस्यहरू र नेतृत्वबीच विश्वासमा जोड देऊ, शङ्कालाई ध्यान देऊ' को द्वन्द्वात्मक नीतिलाई अवलम्बन गर्नुपर्दछ ।

पाँचौं : सचेतन प्रयत्न काममा गतिशील र सिर्जनशीलतालाई प्रस्थान विन्दु बनाउनुपर्दछ । एउटा कम्युनिस्ट पार्टीको नेता वा कार्यकर्ताले हरेक चीजलाई रूपान्तरण गर्न सचेतन प्रयत्नको भूमिकालाई प्राथमिकतामा राख्ने गर्दछन् । यो उनीहरूको कार्य-तरिका हुनुपर्दछ । वस्तु प्रधान र चेतना सहायक हुने अर्थात् वस्तुले चेतनाको निर्धारण गरे पनि खास चरणमा चेतना प्रधान हुने कुरालाई हामीले आत्मसात् गर्नैपर्दछ । चेतना भनेको ज्ञानको उच्च रूप हो । ज्ञान सिद्धान्तका आधारमा हाम्रा कार्यतरिका निर्धारण हुने गर्दछन् । चेतनाको कुरा गर्दा मुख्यतः राजनीतिक विज्ञान र सामान्य त अन्य विज्ञानमा पनि युग र जनसमुदायलाई सुहाउने हुनुपर्दछ । जनताभन्दा एक कदम अगाडि पार्टीको चेतना हुनैपर्दछ । जनताको चेतनाभन्दा धेरै अगाडि वा धेरै पछाडिको चेतनाको कुनै अर्थ रहँदैन । जनसमुदायभन्दा धेरै अगाडिको चेतनाले दुस्साहसवाद र धेरैपछिको चेतनाले दक्षिणपन्थी वा पुच्छरवादको विकास गराउँछ । राजनीतिक आन्दोलनहरूमा देखापर्ने स्वतः स्फूर्ततावाद जसले युगको मागअनुसार समाज रूपान्तरण भइहाल्छ, कुनै सचेतन प्रयत्नको खाँचो हुँदैन भन्ने तर्क गर्दछ । सारतः यो यथास्थितिवादी चेतनाको उपज हो । नेपाली कम्युनिस्ट आन्दोलनमा सचेतन प्रयत्न र यथास्थितिवादको बीचमा सङ्घर्ष चल्दै आइरहेको छ । नेपालमा सञ्चालन गरिएका राजनीतिक आन्दोलनमा हुने गरेका सहादत, जेल, भूमिगत जीवन सचेतन प्रयत्नका दृष्टान्तहरू हुन् भन्ने धोका, विश्वासघात, सम्झौता यथास्थितिवादका दृष्टान्त हुन् । सचेतन प्रयत्नबिना इतिहासमा कुनै पनि राजनीतिक आन्दोलन सफल भएका छैनन् । त्यस्तै गतिशीलता र सिर्जनात्मकता पार्टी सङ्गठन निर्माणका महत्वपूर्ण पहलु हुन् । गतिहीनता र जडताले राजनीतिक क्रान्तिलाई सुधारवादतर्फ मात्र लैजान्छ । गतिहीनताले नोकरशाहीतर्फ र जडताले रुढीवादतर्फ डोऱ्याउँछ । अन्ततः त्यसको योगफल सुधारवाद हो ।

छैठौं : सिद्धान्तमा दृढ व्यवहारमा लचक एवम् सरल प्रशासन कडा परिश्रमको नीतिलाई अनुशरण गर्ने, आज हामी नवसंशोधनवादको विरुद्ध सम्झौताहीन विचारधारात्मक सङ्घर्ष चलाईरहेका छौँ । माओवाद र सशस्त्र सङ्घर्षको नाराभित्र, भनाइ र गराइमा ठूलो अन्तरसहित जन्मेर हुर्किरहेको नवसंशोधनवाद जसले नेपाली क्रान्तिकारी मौलिकताको नाराभित्र भ्रान्ति गऱ्यो, त्यसका विरुद्ध विचारधारात्मक सङ्घर्षलाई नयाँ उचाइमा नपुऱ्याई नयाँ क्रान्तिको सम्भावना कमजोर रहन्छ । सही र गलतको भेद छुट्याइसकेपछि सहीको पक्षमा र गलतको विरुद्धमा दऱ्होसँग खडा हुनैपर्दछ । यो राजनीतिक विज्ञानको कखरा हो । हाम्रा कतिपय कमरेडले अझै सही र गलतलाई छुट्ट्याउन सकिरहेका छैनन् र उनीहरू धर्मराउँदै हिंडिरहेका छन् । हाम्रा कतिपय कमरेड तर्क गर्छन् कि सबै कुरा ठीकठाक छ; बरु केही मानिसका देख्ने आँखा, सुन्ने कान बिग्रेकोले नेतृत्वको आलोचना गरिरहेका छन् । यस प्रकारको पश्चगामी कूतर्क गर्नेहरू न त हिजो युद्धमा राम्रो भूमिका निर्वाह गर्न सके, न त अहिलेको परिवेशमा नै राम्रो काम गर्न सकेका छन् । उनीहरू गैर-मार्क्सवादी बाटोलाई अवलम्बन गर्न पुगेका छन् । लेनिनले भनेका छन्, "कुनै पनि विषयलाई आधा समात्नु र नसमात्नु बराबर हो ।" लेनिनको उक्त भनाइ निकै मर्मस्पर्शी छ । सिद्धान्त, विचार र राजनीति या समात्नुहुँदैन, समात्ने हो भने आधा होइन, पूरा समात्नुपर्दछ, जसले सामाजिक जीवन र

... बाँकी ७ पेजमा

संस्मरण/लेख

सन्दर्भ : २५ औँ बेथान वीरता दिवस

# विचारले मृत्यु र दुस्मनलाई एकैसाथ पराजित गरेको दिन



अशोक सुवेदी

*हेर्दाहेर्दै विद्युतीय गतिमा प्रहरीले टेलिफोन लाइन छिनायो, फ्याक्स मेसिन, कम्प्युटर र प्रिन्टरहरू पोको पार्‍यो। कार्यालयको दराज खोलेर सम्पूर्ण खातापाता, लेखरचना, फोटो, क्यामेरा, पत्रिकाका फाइल सबै जम्मा पार्‍यो। हामीलाई कन्चटमा बन्दुक तेर्स्याइरहेका थिए केही प्रहरी। उनीहरुले हामीलाई प्रतिवाद गर्नु त कहाँ हो कहाँ, चुँसम्म बोल्ने मौका दिएनन्। हाम्रो छलफल पूरै बिथोलियो। सबै सामग्री प्रहरीको कब्जामा परे। प्रहरीले हामीलाई कायरतापूर्वक गिरफ्तार गर्‍यो।*

## प्रारम्भ

नेपालको कम्युनिस्ट आन्दोलन र पुस १९

यो महिना विश्व कम्युनिस्ट आन्दोलनका महान् नेता एवम् विचारकहरू कमरेड जोसेफ स्टालिन र कमरेड माओ त्सेतुङको जन्मदिवसको महिना हो। संसारभरका मार्क्सवादी लेनिनवादी र माओवादीहरूले महान् स्टालिन र माओका योगदानहरू स्मरण गर्दै त्यसलाई व्यवहारमा उतार्ने प्रतिबद्धता व्यक्त गरिरहेका छन्। मालेमावादीहरूले विश्वभर नै कमरेड माओको एक सय २८ औँ र कमरेड स्टालिनको एक सय ४१ औँ जन्मदिवस भव्यतापूर्वक मनाइरहेका छन्। नेपालमा नेपाल कम्युनिस्ट पार्टीले पनि देशैभर यी दिवसहरू मनाइरहेको छ।

नेपालको कम्युनिस्ट आन्दोलनमा पनि यो महिना केही महत्वपूर्ण राजनीतिक घटनाक्रमका कारण चर्चित र महत्वपूर्ण छ। २०५२ साल फागुन १ गतेदेखि सुरु भएको जनयुद्धको पहिलो सफल फौजी कारबाही भएको महिना २०५३ सालको पुस हो। २०५३ साल पुस १९ गते रामेछापको बेथान पानीघाट प्रहरीचौकीमा माओवादी जनसेनाका योद्धाहरूले त्याग, शौर्य र वीरता प्रदर्शन गर्दै हमला गरेका थिए र फौजी कमान्डर तीर्थ गौतमका साथै रामेछापकी सांस्कृतिक तथा विद्यार्थी योद्धा दिलमाया बम्जन र फत्त स्मालीमगरले बलिदानको बाटो रोज्नुभएको थियो। तीनजनाको बलिदानपछि सफल भएको बेथान पानीघाटको फौजी कारबाहीपछि प्राप्त हतियार नै माओवादी जनयुद्धका लागि अत्यावश्यक भौतिक-प्राविधिक शक्ति थिए। तिनै हतियार बोकेर हिँडेको माओवादीले त्यसपछि धमाधम लडाइँ र युद्धहरू जित्दै गयो र बीसौँ हजार जनमुक्ति सेनालाई हातहतियारले सुसज्जित बनाउन सफल भयो।

## ऐतिहासिक पृष्ठभूमि

निरङ्कुश राणा शासनको चकचकी चलिरहेकै समयमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना कमरेड पुष्पलालको पहलमा २००६ साल वैशाख १० गते ९१९४९, अप्रिल २२ मा भएको हो। पुष्पलालले नारायणविलास जोशी, निरञ्जनगोविन्द वैद्य र नरबहादुर कर्माचार्यको साथ लिएर भारतको कलकत्तामा नेकपाको स्थापना गर्नुभएको थियो। नेकपाको स्थापनाका कारकहरूमध्ये राणाशासनको अत्याचार, दमन र शोषण प्रमुख रहेको पाइन्छ। राणाशासनका विरुद्ध कृष्णलाल अधिकारीको मकैको खेती पुस्तकले निम्त्याएको मकैपर्व अर्थात् कृष्णलाल अधिकारीको हत्या, लक्ष्मीप्रसाद देवकोटा र धरणीधर कोइरालाहरूले सञ्चालन गरेको जागरण कविता र लाइब्रेरी पर्व, राणाशासकहरूको दमन, राणा शासनका विरुद्ध क्रियाशील गङ्गालाल श्रेष्ठ, दशरथ चन्द, धर्मभक्त माथेमा र शुक्रराज शास्त्रीको विसं १९९० को दशकको उत्तरार्द्धमा गरिएको हत्या, उक्त हत्याकाण्डविरुद्ध जनतामा पलाएको आक्रोश र प्रतिरोधी चेतना, काङ्ग्रेसबाट पुष्पलालको विद्रोह नेकपा स्थापनाका पूर्वाधारहरू हुन्। यसअघि पूर्वमा योगमायाले आफ्नै शैलीले गरेको विद्रोहले पनि नेपाली समाजलाई तरङ्गित बनाइरहेको थियो।

यस सन्दर्भमा सिर्जना र साहित्यका माध्यमबाट धरणीधर कोइराला, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमालका क्रान्तिकारी चेतनाले ओतप्रोत काव्य सिर्जना र त्यसले समाजमा पारेको सकारात्मक प्रभाव पनि कम्युनिस्ट पार्टी स्थापनाका आन्तरिक ऊर्जाका स्रोतहरू हुन्। संसारमै चरिरहेको मार्क्सवाद लेनिनवादको प्रयोगको असर र भारतमा सञ्चालित कम्युनिस्ट आन्दोलन वा गतिविधिको प्रभाव नेपालमा नपर्ने कुरै भएन। १९८० सालमा चन्द्रशमशेरको कठोर शासनमा जेलभित्रैबाट कृष्णलालले लेखेका थिए :

संसारमा कीर्ति छ धेर ठूलो
कीर्तिबिना बन्दछ जीव लूलो
संसार छोडे पनि हेर क्वै दिन
आउनेछ एउटा जनतन्त्रको दिन।

चन्द्रशमशेरको कठोर जेल र हिरासतभित्रैबाट कृष्णलाल अधिकारीले १९८० सालमा एक दिन जनतन्त्र आएरै छाड्ने उद्घोष गरेका थिए। यो उद्घोष राणा शासकहरूका लागि महँगो साबित भयो भने क्रान्तिकारीहरूका लागि ऊर्जा बन्यो। फलस्वरूप २००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भयो।

नेकपाका संस्थापक महासचिव कमरेड पुष्पलाल हुनुभयो तर दुई वर्ष पुग्दानपुग्दै २००८ सालमा कमरेड पुष्पलाललाई महासचिवबाट अघोषित रूपमा अपदस्थ गरियो। अर्थात् पुष्पलाललाई नेतृत्वबाट षड्यन्त्रपूर्वक हटाएर मनमोहन अधिकारीलाई स्थापित गरियो।

नेकपाको पहिलो महाधिवेशन २०१० सालमा अर्धभूमिगत रूपमा काठमाडौँ उपत्यकामा सम्पन्न भएको थियो। पुष्पलाललाई हटाएर मनमोहनलाई महामन्त्री चुन्ने महाधिवेशन बन्यो यो। २००८ सालमा पार्टीमा आएको सुधारवाद र यसपछिको २०१२ सालमा मनमोहनद्वारा राजामा बिन्तीपत्र चढाएर पार्टीलाई खुला गरिएको घटना स्मरणयोग्य छ। यी नेपालको कम्युनिस्ट आन्दोलनकै लागि काला दिनहरू हुन्।

नेकपाको दोस्रो महाधिवेशन २०१४ सालमा काठमाडौँ उपत्यकाभित्रै भयो। यो करिब खुलाखुला रूपमा भएको थियो तर पूर्ण खुला घोषणा गरिएको भने थिएन। उक्त महाधिवेशनले डा. केशरजङ्ग रायमाझीलाई महासचिव चुन्यो। यही महाधिवेशनको नेतृत्वले पार्टीलाई संसद्वादमा धकेल्यो। पछि रायमाझी नेतृत्वले घोषित रूपमै कम्युनिस्ट आन्दोलनलाई राजावादी धारतिर मोड्न खोज्यो। रायमाझीले २०१७ सालको राजाको कदमलाई स्वीकार गरेपछि पार्टीमा लाइन सङ्घर्ष चर्कियो।

२०१९ सालमा नेकपाको तेस्रो महाधिवेशन भूमिगत रूपमा भारतमा सम्पन्न भयो। यो महाधिवेशनले पार्टीको भित्री सङ्घर्षको समाधान गर्न सकेन। महाधिवेशनले एउटा लाइन पास गर्‍यो तर अल्पमतमा परेका तुल्सीलाल अमात्य महासचिव चुनिए। यसपछिका घटनाक्रमहरू पार्टी टुटफुट र विभाजनबाट अघि बढे। यसले झापा विद्रोह जन्मायो। तेस्रो महाधिवेशनपछि पार्टी विभिन्न गुटउपगुटमा विभाजित भई कम्युनिस्ट पार्टी अनेक समूहमा टुक्रिन पुग्यो।

२०३१ सालमा नेकपाको चौथो महाधिवेशन भूमिगत रूपमा भारतमै सम्पन्न भयो। यसले मोहनविक्रम सिंहलाई महामन्त्री चुन्यो। यसबीचमा मोहनविक्रम र निर्मल लामाको फुटको घटना मुख्य थियो। यसको एउटै कारण चुनावमा भाग लिने कि बहिष्कार गर्ने, कार्यदिशामा सहरी विद्रोह कि दीर्घकालीन सशस्त्र विद्रोह गर्ने भन्ने थियो। २०३१ सालमा चौथो महाधिवेशन गरेर अगाडि बढेको एउटा कम्युनिस्ट घटक मोहनविक्रम सिंहको नेतृत्वमा अगाडि बढ्यो। पाँचौँ महाधिवेशन २०४१ सालमा भारतमा भूमिगत रूपमै सम्पन्न भयो। यो महाधिवेशनले केही वैचारिक मुद्दा र राजनीतिक कार्यदिशालाई अमूर्त राखी विशेषतः सांस्कृतिक विषयको उत्थान गरेर मोहनविक्रम सिंहमाथिको कारबाहीलाई महाधिवेशनको मुख्य मुद्दा बनायो। पाँचौँ महाधिवेशनमा बहुमतको निर्णयले मोहनविक्रमलाई कारबाही गरी मोहन वैद्य 'किरण' लाई महामन्त्री चुन्यो। यो घटना नै तत्कालीन नेकपा (मशाल) मा पुनः फुटको कारण बन्न पुग्यो। मशाल र मसालमा पार्टी फेरि विभाजन भयो। नेकपा (मशाल) बहुमत पक्षको नेतृत्व किरणले र अल्पमत पक्ष (मसाल) को नेतृत्व मोहनविक्रमले गरे। उनी अध्यापि आजीवनजस्तै गरी मसालको महासचिव नै छन्। त्यतिबेला महासचिवलाई महामन्त्री भनिन्थ्यो। अहिले पनि मोहनविक्रम आफूलाई महामन्त्री नै भनाइरहेका छन्। यसबीचमा महामन्त्री किरणले २०४५ को अन्त्यतिर प्रचण्डलाई नेतृत्व हस्तान्तरण गरे। यसपछि २०४६ सालको जनआन्दोलन र यसले ल्याएको राजनीतिक परिवर्तनमा आन्दोलनको पहल, कम्युनिस्ट समूहहरूका बीच एकताको पहल भयो। एकताकेन्द्र निर्माण भयो। एकतामहाधिवेशनको पहल भयो।

२०४१ को पाँचौँ महाधिवेशनमा मोहनविक्रम सिंह सांस्कृतिक कारबाहीमा परेपछि किरण महामन्त्री चुनिएका थिए। मोहनविक्रम सिंहलाई पार्टीले अनैतिक यौनसम्बन्धका कारण पटकपटक कारबाही गरेको थियो। मोहनविक्रमले लामालाई शङ्कास्पद भन्ने र लामाले मोहनविक्रमलाई सांस्कृतिक विचलन भएको व्यक्ति भन्ने जुहारी नै चल्यो। आखिरमा यी दुवै नेताले क्रान्तिको नेतृत्व गरेनन्।

छैटौँ महाधिवेशन एकता महाधिवेशनका रूपमा २०४८ सालमा अर्धभूमिगत रूपमा चितवन माडीमा सम्पन्न भयो। यसले राजनीतिक कार्यदिशामा 'दीर्घकालीन जनयुद्ध' पारित गर्‍यो। अर्को सिद्धान्तमा 'मार्क्सवाद-लेनिनवाद-माओवाद' पारित गर्‍यो। यससँगै नाम पनि 'एकताकेन्द्र'बाट 'माओवादी' बनायो। नेतृत्वमा प्रचण्डलाई महामन्त्री चुन्यो। यसले २०५२ साल फागुन १ गते जनयुद्धको थालनी गर्‍यो। नेपालमा जनवादी क्रान्ति सम्पन्न गरी समाजवाद स्थापना गर्ने भनी आरम्भ गरिएको जनयुद्ध १० वर्षसम्म सञ्चालन भयो। तर मूल नेतृत्वको पलायन, आत्मसमर्पण र संशोधनवादमा भएको पतनका कारण राजतन्त्रको अन्त्य मात्र भयो। नयाँ जनवाद र समाजवाद स्थापना हुन सकेन। नेकपाको सातौँ महाधिवेशन कमरेड किरणको नेतृत्वमा २०६९ सालमा काठमाडौँ कमलादीमा खुला रूपमा सम्पन्न भयो। त्यसैगरी नेकपाको आठौँ महाधिवेशन काठमाडौँको खुलामञ्चमा लाखौँ जनसमुदायका बीच उद्घाटन भएर रोल्पाको थबाङमा सम्पन्न भयो। यो महाधिवेशनले एकीकत जनक्रान्तिको कार्यदिशा पारित गर्दै र कमरेड विप्लवलाई महासचिव चयन गरेको छ। आज हामी यही नेतृत्व र कार्यदिशा कार्यान्वयन गरिरहेका छौँ।

इतिबेला नयाँ जनवादी क्रान्ति सम्पन्न भएर वैज्ञानिक समाजवाद स्थापना भइसक्नुपर्ने अवस्थामा उल्टै दलाल पुँजीवाद सत्तामा स्थापित भएको छ। कम्युनिस्टकै नाउँ र झन्डा बोकेर दलाल पुँजीवादको सेवा र रक्षा गर्न सत्तामा पुर्‍याइएको दलाल पुँजीवादका मतियारहरूबीचको अन्तरसङ्घर्ष यतिबेला हेर्न मात्र होइन, घृणा गर्नलायक छ। दलाल पुँजीवादको लज्जाजनक पतनकै चिहानमा नेकपासहितका चार पार्टीले वैज्ञानिक समाजवाद स्थापनाका लागि दीर्घकालीन रणनीतिक संयुक्त मोर्चा पनि घोषणा गरिसकेका छन्। यसले एकीकृत जनक्रान्ति र वैज्ञानिक समाजवाद स्थापनालाई अझ तीव्रतामा सफलताको दिशातिर अग्रसर गराएको अनभूति भएको छ।

## सन्दर्भ : बेथान वीरता दिवस र भट्टेडाँडा मोर्चा

घटना २०५५ साल पुसको तेस्रो साताको हो। घटना बुर्जुवाहरूको राजधानी काठमाडौँकै भए पनि यो राजधानी र नेपाल मात्र नभएर विश्वकै ध्यानाकर्षण गराउने किसिमको थियो। १९ वर्ष पुरानो उक्त घटना सञ्चार, मानवअधिकार र राजनीतिक क्षेत्रलाई पूरै प्रभावित पार्ने राजधानीको 'भट्टेडाँडा काण्ड' का नामले चिरपरिचित घटना थियो त्यो। नेपालको पूरै प्रेसमाथि राज्यपक्षले अत्यन्त ठूलो दमन गरेको त्यस घटनाबटै नेपाली प्रेसमाथि निरन्तर दमनको सिलसिला सुरु भएकाले त्यसलाई 'कालो दिन' का रूपमा पनि चित्रण गरिएको छ।

०५२ साल फागुन १ गतेबाट नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले नेपालमा दीर्घकालीन सशस्त्र जनयुद्ध सुरु गर्‍यो। एक वर्षपछि २०५३ साल पुस १९ गते राति रामेछापको बेथानमा जनयुद्धको पहिलो सफल फौजीमोर्चा सम्पन्न भयो। तीर्थ गौतम, फत्त स्मालीमगर र दिलमाया बम्जनले बलिदान गरे। दुस्मनतर्फ पनि क्षति भयो तर मोर्चा जितेर हतियार कब्जा भयो। माओवादीले रामेछापको बेथानमा तीनजनाको बलिदानपछि प्राप्त हतियारका भरमा युद्ध अघि बढायो। त्यसैले विजयको उक्त मोर्चाको सम्मानमा पुस १९ लाई बेथान वीरता दिवसका रूपमा, जनयुद्धको एक नयाँ दिवस वा पर्वका रूपमा मान्न थालियो। देशभर वीरता दिवसका दिन नयाँनयाँ मोर्चाहरू हुन थाले र विजयपताकाहरू फहराउन थाले। यो एउटा उत्सव र पर्व नै बन्यो।

बेथान वीरता दिवसको तेस्रो र जनयुद्धको चौथो वार्षिकोत्सव मनाउने क्रममा माओवादी छापामारहरूले ललितपुर जिल्लाको भट्टेडाँडा प्रहरी चौकीमाथि सशस्त्र हमला गरे। हमलामा परी अधिकृतस्तरसहितका तीनजना प्रहरीको घटनास्थलमै मृत्यु भयो। चौकी जलेर नष्ट भयो। त्यो समाचार, मारिएका प्रहरीको फोटो र जल्दै गरेको प्रहरीचौकीको तस्बिरलाई त्यतिबेला माओवादीको मुखपत्र मानिने 'जनादेश' साप्तहिकले महत्वका साथ 'भट्टेडाँडा प्रहरीचौकीमा साहसिक आक्रमण' शीर्षकमा प्रकाशित गर्‍यो।

त्यतिबेला 'जनादेश' को कार्यालय बागबजारको एउटा घरको चौथो तलामा थियो। समय त्यस्तै बिहानको ११ बजेको हुँदो हो। त्यसको केही महिनाअघि मार्क्सवाद, लेनिनवाद माओवाद तथा माओत्सेतुङ विचारधारा मान्ने जनपक्षीय पत्रकार हरूको त्रिचन्द्र क्याम्पसमा सम्पन्न भेलाले 'जनपक्षीय पत्रकार सङ्घ, नेपाल' गठन गरेको थियो। उक्त पत्रकार सङ्घको अध्यक्षमा वरिष्ठ पत्रकार शक्ति लम्साल छानिनुभएको थियो। सङ्घले विधान बनाएर दर्ताको प्रक्रिया बुझ्न र संस्था दर्ता गर्न मलाई सचिवको जिम्मेवारी दिएको थियो। म संस्था दर्ताको प्रक्रिया बुझेर र विधानको उद्देश्यसहितको मस्यौदा तयार पारेर छलफलका लागि 'जनादेश' साप्तहिक र 'नौलो बिहानी' का समेत सल्लाहकार रहेका सङ्घका अध्यक्ष शक्ति लम्सालसहितका साथीहरूसँग जनादेशको कार्यालयमा पुगेको थिएँ।

ऐतिहासिक रूपमा सफल भट्टेडाँडा मोर्चाले विश्वलाई नै तरङ्गित पारेको थियो। दुस्मनको राजधानी उपत्यकाभित्रैको सफल फौजी मोर्चाका कारण राज्य पक्ष हारको मानसिकतामा र माओवादी विजयको भावमा थिए।

हामी पत्रिका पढ्दै थियौँ। शक्ति दाइसँग नवगठित संस्थाका बारेमा सल्लाह पनि गर्दै थियौँ। केही साथी मात्र आइपुगेकाले हामी समय कटाएर बैठक बस्ने तयारी गर्दै थियौँ। साथी धनबहादुर मगर र उहाँका भाइ ग्राहकका लागि 'जनादेश' पोको पार्दै हुनुहुन्थ्यो।

त्यतिबेला मैले नौलो बिहानी मासिकको सम्पादन/प्रकाशन सुरु गरिसकेको थिएँ। नयाँ अङ्क पत्रिकाको तयारीका लागि केही सामग्री जम्मा पार्दै थिएँ। मैले झोलामा देशका विभिन्न ठाउँबाट सङ्कलन गरिएका 'छापामार डायरी' हरू पनि बोकेको थिएँ। 'जनपक्षीय पत्रकार सङ्घ' को मस्यौदा विधान पनि झोलामै थियो। मेरो प्रकाशोन्मुख कवितासङ्ग्रह 'युद्धघोष' को कम्प्युटर प्रति र 'नौलो बिहानी' का लागि केही समाचार तथा लेखहरू पनि साथमै थिए। म बेलुकाबेलुका 'हिमालय टाइम्स दैनिकु मा सम्पादनको काम पनि गर्थें र समाचार पनि लेख्थो। जनादेश, महिमालगायत माओवादी निकट पत्रपत्रिकाहरूमा समेत सघाउनु मेरो विचार र आस्थासँगजडिएको काम थियो। म एक वर्षअघि मात्र मोहनविक्रम सिंह नेतृत्वको नेकपा मसालबाट विद्रोह गरेर मोहनविक्रम सिंहलाई नै कारबाही गरी काठमाडौँ कालीमाटीस्थित एक होटेलमा राष्ट्रिय भेला गरेर नेपाल लाल कम्युनिस्ट पार्टी माओवादी निर्माण गरी माओवादी बनेको थिएँ। २०५४ सालमा आयोजित नेकपा मसालको रामेछाप जिल्ला सम्मेलनमा बेथान मोर्चा र माओवादी जनयुद्धलाई हेर्ने दृष्टिकोणबारे प्रमुख अतिथि बनेर आएका चित्रबहादुर केसीसँग मत नमिलेपछि जिल्ला पार्टी दुई धारमा विभाजित बनेको थियो। जनयुद्धलाई समर्थन गर्नुपर्छ भन्ने मेरो मत ठाडै अस्वीकार गर्दै केसीले पार्टीलाई अशोक

... बाँकी पृष्ठ ७ मा



सहिद क. तीर्थ गौतम | सहिद क. फत्तबहादुर स्माली मगर | सहिद क. दीलमाया बम्जन

## विचारले मृत्यु ....

देखावटी रूपमा मसाल भए पनि भित्रभित्रै माओवादी बनिसकेको रिपोर्ट गरेका थिए । त्यसपछि ममाथि मोहनविक्रम सिंहले कारबाही गरेका थिए भने मेरो नेतृत्वमा ३० जिल्लाका युवाहरूको भेलाले मोहनविक्रम सिंहलाई कारबाही गरी नेपाल लाल कम्युनिस्ट पार्टी माओवादी गठन गरेको थियो । २०५३ सालमै 'मेरो साथी बन्दुकसँग खेल्न थालेको छ' शीर्षकको मेरो कविता जनादेशमा छापिदिँदै मबाट प्रभावित भएर जनादेशका सम्पादक तथा क्रान्तिकारी स्रष्टा कृष्ण सेन 'इच्छुक' ले मलाई सम्पर्कमा राख्नुभएको थियो । उहाँले नै मलाई पार्टीमा पनि जोड्नुभएको थियो । म उहाँको एकल सम्पर्कमा रहेर काम गरिरहेको थिएँ । शक्ति लम्साल दाइका साथै गोविन्द आचार्य, रेवती सापकोटालगायत पत्रकारहरूलाई पनि यसबारेमा केही सुईंको थियो भन्ने लाग्छ ।

'जनादेश' कार्यालयमा छलफल चलिरहेकै थियो । एक्कासि पत्रिकाको कार्यालयकोठाको ढोकामा भिडन्तका लागि फायर खोल्न तैनाथभैँ देखिने दर्जनौं पुलिसहरू देखापरे । उनीहरूले हामीलाई रुखो स्वरमा कतै डेग नचल्न आदेश दिए । कोठाभित्र रहेका हामी ५-७ जनाकै कन्चटमा बन्दुक तेर्स्याइसकेका थिए । थाहा भयो, हामीलाई प्रहरीले घेरा हालिसकेको थियो । पत्रिकाको कार्यालय रहेको अर्को कोठा पनि घेराउमा परिसकेछ । केही साथीहरू भ्याङबाटै घेरा तोडेर सुरक्षित स्थलतर्फ लाग्नुभएछ । 'जनादेश' ले त्यसै रात भट्टेडाँडा कारबाहीको समाचार सचित्र प्रकाशन गरेपछि त्यहाँ प्रहरीले हारेको समाचार, चौकीको समाचार लेख्ने, तस्बिर खिचेर ल्याउने पत्रकार र चौकी आक्रमण गर्ने छापामार खोज्न भनी ३-४ वटा प्रहरी भ्यानले सिङ्गै घर घेराउ गरिसकेका रहेछन् ।

हेदाहेर्दै विद्युतीय गतिमा प्रहरीले टेलिफोन लाइन छिनायो, फ्याक्स मेसिन, कम्प्युटर र प्रिन्टरहरू पोको पाऱ्यो । कार्यालयको दराज खोलेर सम्पूर्ण खातापाता, लेखरचना, फोटो, क्यामेरा, पत्रिकाका फाइल सबै जम्मा पाऱ्यो । हामीलाई कन्चटमा बन्दुक तेर्स्याइरहेका थिए केही प्रहरी । उनीहरूले हामीलाई प्रतिवाद गर्नु त कहाँ हो कहाँ, चुँसम्म बोल्ने मौका दिएनन् । हाम्रो छलफल पूरै बिथोलियो । सबै सामग्री प्रहरीको कब्जामा परे । प्रहरीले हामीलाई कायरतापूर्वक गिरफ्तार गऱ्यो । अघिपछि राइफल तेर्स्याएर भ्याङबाट भुइँतलामा झाऱ्यो । थाहा नपाएको त हामीले मात्र रहेछ, बागबजारको गल्लीगल्लीका मानिसले समेत प्रहरीले जनादेशको कार्यालय छापामारेको थाहा पाइसकेका रहेछन् । क्षणभरमा सयौंको सङ्ख्यामा स्थानीय बासिन्दा उपस्थित भइसकेका थिए । बन्दुकधारीहरूका अघिल्तिर प्रतिकार तथा विद्रोह गर्नसक्ने वा घेरा तोड्नसक्ने अवस्था थिएन । डरका कारण मूकदर्शक बनेर बसेका अरू मानिस पनि वास्तविकता नबुझेकाले अथवा त्रासका कारण केही बोल्न सकेनन् ।

कार्यालयबाट म, शक्ति दाइ, धनबहादुर मगरका दाजुभाइ, रेवती सापकोटालगायत सातजना गिरफ्तार भयौं । 'जनादेश' प्रकाशित हुने नजिकैको इन्द्रेणी छापाखानाबाट प्रोप्राइटर ज्ञानेन्द्र मानन्धर, एकाउन्टेन्ट, प्रेसम्यानलगायत सातजनालाई पनि भ्यानमा ल्याएर कोचियो । त्यतिबेला सामूहिक गिरफ्तारीमा पर्नेमा हामी १६ जना थियौं । हामीलाई बन्दुककै बीचमा वडा प्रहरी कार्यालय सिंहदरबार पुऱ्याइयो । त्यहाँ पुऱ्याएर हामीलाई हतकडीसहित जमिनमुनिको ओसिलो, अँध्यारो कोठामा राखियो । एकआपसमा बोल्नसम्म दिइएन । पालैपालो अर्कै कोठामा लगेर अपराधीलाईजस्तो छातीमा केही लेखेर टाँस्दै पोजपोजका तस्बिर खिचियो । 'जनादेश' का वितरण सहयोगी मित्र धनबहादुर मगरलाई बयान लिने क्रममा 'तैं होइनस् भट्टेडाँडामा हाम्रा साथी मारेर फोटो खिच्ने ?' भन्दै बन्दुकका कुन्दा र बुटले हानेर रक्तमुछेल पारियो । हामीलाई भिडन्तमा सहभागी र मतियारका रूपमा नानावली प्रश्न सोध्ने र वास्तविकता बताउन नदिने वातावरण बनाइयो ।

राजधानी काठमाडौंको मुटुबाटै पत्रकार र प्रेसका सञ्चालकसहित १६-१६ जनालाई गिरफ्तार गरिएपछि राजधानीमा मात्र नभएर देशभर सनसनी मच्चियो सुकेको खरमा आगो लागेजस्तै । राजधानीबाट दिउँसो प्रकाशनमा आउने पत्रिकाले हामी गिरफ्तार भएको खबर प्रकाशित-प्रसारित गरिरहेका थिए । स्वतन्त्र प्रेसमाथि प्रजातन्त्रको खोल ओढेको काङ्ग्रेस सरकारले दिनदहाडै गरेको हस्तक्षेपको चौतर्फी विरोध हुन थाल्यो राष्ट्रिय रूपमै । पत्रकारितासम्बन्धी सङ्घसंस्था, राजनीतिक पार्टी, मानवअधिकारलगायत क्षेत्रबाट हस्तक्षेपको विरोध र रिहाइका लागि स्वरहरू उर्ले । प्रहरीले कार्यालयका सम्पूर्ण सामान कब्जा गरेपछि ढोकामा ताल्चा झुन्ड्याइदिएको थियो । खानपिनको कुरा त टाढै थियो, पिउने पानीसम्म दिइएन । सरकार कति क्रूर र निरङ्कुश देखियो भने हामीमाथि कुनै मानवीय व्यवहार नै गरिएन । त्यस साँझ ज्ञानेन्द्र दाइको परिवारले उहाँका लागि ल्याइदिएको सीमित खाना बाँडेर खायौं ।

त्यतिबेलाको अनामनगरस्थित वडा प्रहरी कार्यालय सिंहदरबारका इन्सपेक्टर हुनुपर्छ ती, थर चुडाल हो, नामचाहिँ भरत हो कि के हो, कति क्रूर व्यवहार गरे भने बयान गरिसाध्य छैन । सरकारले पत्रिकाको कार्यालय र प्रेसबाट गिरफ्तार गरिएका मानिसहरूलाई अलग्याएर र फुटाएर भिन्नाभिन्नै ठाउँमा लैजाने निर्णय गरेछ क्यार । हामीले नमान्दानमान्दै पनि अलगअलग भ्यानमा राखेर तितरबितर पार्न थाल्यो । कसैलाई अन्तैको हिरासतमा लगेछ ।

म र भारत नामका एकजना साथीलाई भने मध्यरातमा भ्यानमा राख्न थाल्यो । हामीले हामीलाई कहाँ लगिँदैछ ? भनेर प्रश्न गर्दा हप्काइदप्काइ गरियो र चुँसम्म नबोल्न भनियो । रातको समय, आँखामा पट्टी र हतकडी !

मध्यरातमा हातमा आधुनिक हतियार लिएका दर्जनौं प्रहरी हामीलाई भ्यानमा चढाउने तयारीमा थिए । उनीहरू हामीप्रति अत्यन्त असहिष्णु, क्रूर र आक्रामक व्यवहार गरिरहेका थिए । तिमी, तपाईंजस्ता शब्दहरू सायद उनीहरूका शब्दकोषमै थिएनन् । उनीहरूले हामीलाई जुन 'अपराध' मा दोषी ठहऱ्याएर वा शङ्का गरेर गिरफ्तार गरेका थिए, हामी दोषी वा जवाफदेही व्यक्ति भए पनि उनीहरूको व्यवहार सद्भावपूर्ण हुनुपर्ने थियो । उनीहरू तर्साएर, हप्काएर, दप्काएर र जङ्गली व्यवहार देखाएर हामीलाई घटनामा फसाउने षड्यन्त्र गरिरहेका थिए । हामीलाई धकेलेर जथाभावी भन्दै भ्यानभित्र कोचेपछि एउटा कमान्डरजस्तो लाग्नेले 'केटा' हरूलाई आदेशको स्वरमा सोध्यो, 'ए केटाहरू हो, सबै सामान ठीक पारिस् ?'

'ठीक भो' साप्' केटाहरूले एकैसाथ जबाफ फर्काए ।

'हतियार लोड गरिस् ? सबै ठीकठाक छ ? अहिले मौकामा, चाहिएको बेलामा नपड्किएला नि ???', उसले लापर्बाहीपूर्वक आदेश दियो ।

कमान्डरवालाका यी पछिल्ला शब्दहरूले मेरो मनभित्र नमिठो गरी बिझायो । मनमा लाग्यो, यी बगरेहरूले अवश्य हामीलाई कतै मार्न लैजाँदैछन् । अनि मनमनमा लाग्यो- कस्तो शिक्षकले पढाएछन् कुन्नि ? आदर र सम्मान त परै जाओस्, नेपाली व्याकरण एउटा वाक्य पनि शुद्ध बोल्न नजान्ने !

यसरी मानसिक त्रासको भुमरीमा पार्दै उनीहरूले हामीलाई मध्यरातमा एउटा अस्पतालजस्तो ठाउँमा पुऱ्याए । २/३ तल्लामाथि पुऱ्याएपछि आँखाको पट्टी खोलियो तर हतकडी खोलिएको थिएन । रोएको, बिलौना गरेको, चिच्याएको, अपशब्द बोल्दै हकारेको सुनिने त्यो ठाउँ वीरेन्द्र प्रहरी अस्पताल महाराजगन्ज रहेछ, पछि थाहा भयो । हामीलाई केही क्षणमै अङ्गभङ्ग भएर स्टेचरमा सुताइएका र जीवनको अन्तिम पलमा पुगेजस्ता देखिने बीभत्स अनुहारनजिक लगेर सोधियो, 'ए ? तैं यसलाई चिन्छस् ?' स्टेचरमा सुताइएकोमध्ये एकजनाले नियालर हेरेझैँ गऱ्यो र बिस्तारै मुन्टो फर्कायो । मलाई लाग्यो हामीलाई कुनै ठूलै षड्यन्त्रमा फसाइँदै रहेछ । उसले ऐयाः, ऐयाः गर्दै अर्कोतिर मुन्टो बटारेपछि मैले सोचो- यो इमानदार रहेछ । पुलिसभित्र पनि इमानदारहरू हुँदा रहेछन् क्यार । तर मेरो तन्द्रालाई पल्टा खवाउँदै पल्लो स्ट्रेचरमा छट्पटाइरहेको अर्को पुलिसले हतास हुँदै भन्यो, 'यो थियो हजुर ! ए, हान्हान्, अझै जिउँदै छ भन्दै थियो यो ! यसले त जोर राइफल भिरेको थियो साप्... !'

उसले यति भनिसकेपछि हामीलाई हतकडी लगाएर र आँखामा कालोपट्टी बाँधेर घिसार्नेहरूका आँखा झन्झन् राता र डरलाग्दा हुँदै गए । उनीहरूका हाकिम हुनुपर्छ सायद यता र उता केके न खोजेझैँ र भेटेझैँ गरी दगुरिरहेका थिए । एउटाले तनक्क तन्केर सलाम ठोक्यो र भन्यो, 'पत्ता लाग्यो साप्, यिनीहरू नै रहेछन् । घाइते केटाले ठ्याक्कै चिन्यो । हुलियासमेत मिल्यो ।'

अझ क्रूर र हिंस्रक व्यवहार गर्दै हामीलाई फेरि कालोपट्टी र हतकडीसहित भ्यानमा कोचेर रातारात कतै लगिँदै थियो । भ्यानवालाहरू अब हामीलाई सीधै आतङ्ककारी, हत्याराजस्ता शब्द प्रयोग गरिरहेका थिए । 'हाम्रा साथी मार्ने आतङ्ककारी यिनै हुन् । यिनीहरूलाई कतै लगेर मारिदिनुपर्छ', उनीहरू हाकाहाकी हामीलाई सुनाएरै भन्थे । उनीहरूसँग आफ्नो तथ्य कुरा राख्न खोज्नु र निर्दोषिताको प्रमाण पेस गर्ने प्रयास गर्नु बगरेका अघिल्तिर खसीबोकाले जीवनदान माग्नुसरह थियो ।

त्यस्तै बिहानको ३-४ बजेतिरको समयमा हामीलाई एउटा खोरमा लगेर कोचियो । हामी कहाँ लगिएका छौं भन्ने हामीलाई पनि थाहा थिएन । साथीहरूलाई छिन्नभिन्न पारिसकिएको थियो । घरपरिवारका सदस्यहरूलाई थाहापत्तै थिएन । गिरफ्तार गर्नुअघि पुर्जी दिनु त कता हो कता, थुनिसकेपछि पनि कसैलाई खबर गरिएन । हामीलाई बेपत्ता पारेर हत्या गर्ने षड्यन्त्र गरिएको रहेछ ।

तीन दिन तीन रातसम्म खानु न पिउनु एउटा सानो कोठामा कोचिएको थियो । एउटा फाटेको गुन्द्रीको चौटो थियो भुईंमा । बिस्तरा भनौं वा उपियाँ र उड्सको गुँड, ओढ्नेओछ्याउने जे भने पनि त्यही थियो । पुसको ठिहिऱ्याउँदो समय । मानिसको स्वरूपका बगरे हुनु वा पुराकथाहरूमा वर्णन गरिएका राक्षस हुन जस्तो लाग्थ्यो अघिल्तिर हतियार लिएर उभिएकाहरू ।

उज्यालो नदेखेको र राम्रो शब्द नसुनेको धेरै भइसकेको थियो । आपसमा गुनगुनाउनु वा एकअर्कामा गफगाफ गर्न, छलफल गर्न पाउनु त टाढाको कुरा, हतकडी र नेलको आवाज आयो भने पनि बाहिरपट्टिबाट कुनै पुलिसले बीभत्स गाली गरेको सुन्नुपर्थ्यो । 'भट्टेडाँडा प्रहरीचौकीमा साहसिक आक्रमण' गर्ने व्यक्ति हामीलाई नै ठहऱ्याइएको थियो । त्यो ठाउँ जिप्रका हनुमानढोका रहेछ, पछि ' बयान' का लागि कुमार कोइराला वा यस्तै नामको पुलिस अधिकारीको कोठामा पुऱ्याएर एकछिन आँखाको पट्टी खोलिदिएपछि थाहा भयो । ' अपराध अनुसन्धान' हो वा 'आतङ्ककारी नियन्त्रण' कुन शाखाका हाकिम रहेछन् उनी । मैले प्रस्ट शब्दमा भनो, 'आस्थाले म माओवादी हुँ । म दैनिक रूपमा हिमालय टाइम्स पत्रिकामा सम्पादन तथा समाचार लेखनका लागि खटिरहेको छु । दैनिक बेलुका ३-४ बजेदेखि राति ११-१२ बजेसम्म त्यहाँ हाजिर छु । स्वतन्त्र लेखन र आफ्नो पत्रिका 'नौलो बिहानी' को लेखन/सम्पादनमा अरू समय दिन्छु । आस्थाकै आधारमा कसैलाई कुनै घटनामा मुछेर षड्यन्त्रपूर्वक फसाउन पाइँदैन ।'

तिनले मेरा कुरा सुनेनन् । अझ फोनमा कसैलाई यस्तो सुनाएर उनी काङ्ग्रेसीराजको विजेता सुरक्षाकर्मी बन्न खोज्दै थिए- केटाहरू गलेका छन् ।

घाइते प्रहरीको बयान सुनाउँदै उनले मलाई घटनामा संलग्न भएको पाइएको आदेश सुनाए । उनको भनाइ थियो- अरू साथीहरूले घटना स्वीकारिसकेका छन् र मलाई पनि पोलेका छन् । घटनामा असंलग्न व्यक्ति ममाथि लगाइएका र प्रमाणित भनिएका उनीहरूका भनाइ, व्यवहार र आदेशले उनीहरू अत्तालिएर यस्तो गलत निर्णय लिएकोमा कुनै द्विविधा रहेन । ललितपुर जिल्लाको विकट गाउँ भट्टेडाँडा प्रहरीचौकीमा आक्रमण गर्ने माओवादी छापामारहरू काठमाडौंको मुटु बागबजार स्थित 'जनादेश' पत्रिकाको कार्यालयमा बसेर बैठक गर्छन् भन्ने पत्याउन टाटपल्टेको काङ्ग्रेसी दिमाग, प्रहरी, उनका हाकिम र तिनका परिचालक काङ्ग्रेसी नेताहरूबाहेक अरूले सक्ने कुरै थिएन । त्यसपछि रातीराती हिरासतबाट निकालेर अज्ञात ठाउँमा लगी आफैँलाई गाड्न खाडल खन्न लगाएका र पलपलमा मृत्युको सामना गरेका क्षणहरू पनि सम्झनामा न्छन् ।

आँखामा पट्टी, हतकडी र नेल भिराइएकै अवस्थामा सायद हाम्रो वास्तविकता बुझेको व्यक्ति हुनुपर्छ एकजना प्रहरीजवानले हामी दुईजनालाई भट्टेडाँडा (घटनास्थल) तिर एकपल्ट लगिएको, बाटोमा कुनै समस्या आएकाले फर्काइएको, त्यहाँ पुनः लगिँदै गरेको र त्यहाँ लगेर मुठभेडका नाममा समाप्त पार्ने योजना बनेको सूचना दिए । मसँगै रहेका जनमोर्चा निकटका साथी भरत अलि चिन्तित देखिन्थे । उनले आफ्ना प्राविधिक पदमा डीएसपी रहेका मामा नाताका मानिसलाई फोन गरिदिन ती सहृदयी पुलिसलाई आग्रह गरे । सायद प्रहरीचौकी आक्रमण गरेर देशको राजधानीमै राज्यसत्तालाई चुनौती दिने विद्रोही छापामार भेट्न नसकेर विश्वमै लाजमर्दो बन्नपुगेको काङ्ग्रेसी सरकार हामी दुईजना निर्दोष पत्रकारलाई भट्टेडाँडामा लगेर भिडन्तका नाउँमा बली चढाएर आफ्नो अनुहार छोप्ने षड्यन्त्र गरिरहेको थियो । संयोगवश साथीका मामाले हाम्रो वास्तविकता बुझिदिए । मध्यरातमा भट्टेडाँडा लैजानुअघि नै उनी हाम्रो जमानी बसिदिए । कलाकारसमेत रहेका पत्नी शारदाका भानिजदाइ राजविक्रम शाहले पनि म माओवादी पत्रकार रहेको तर भट्टेडाँडा भिडन्तमा संलग्न नरहेको कुरा माथिल्लो तहमा पुऱ्याएका रहेछन् । हामी दैनिक तारिखमा मुक्त भयौं ।

षड्यन्त्रकारी राज्यसत्ताले पालेका क्रूर र अविवेकी जत्थाभित्रका एक ती पुलिस हाम्रो मात्र नभएर सबै न्यायप्रेमी, अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरूका आफन्त हुनुजस्तो लाग्यो मलाई । जन्मिसकेपछि मृत्यु त एक दिन अवश्य हुन्छ नै । हजारौं सहिदहरूले दुस्मनविरुद्धको लडाइँमा वीरगति प्राप्त गरिरहेका थिए । लाग्यो, भिडन्तमा बहादुरीसाथ सहादत प्राप्त गर्नुमा बेग्लै आनन्द आउँदो होला तर हामी अनाहकमा मारिँदै थियौं र मृत्युको मुखमा पुगेर बाँचेका थियौं ।

यसरी बेथान वीरता दिवस मनाउने क्रममा हामीले झन्डै क्रूर शासकहरूको लाज ढाक्न बली दिनुपरेको थियो । बेथान पानीघाटमा गौरवशाली बलिदान गर्ने महान् सहिदप्रति भावपूर्ण श्रद्धाञ्जली ।

**(सामान्य परिमार्जनसहित पुनः प्रकाशित)**

## अछामका ....

पटकपटक भनिए पनि कुनै सुनवाइ नगरेपछि पुस १७ गते १० बजे जिल्ला जनअदालतमा बोलाई सोधपुछ गरिएको र १५ दिनभित्र आयव्यय प्रस्तुत गर्ने सहमति भएको जनाएका छन् ।

नवीन र आखिरको विज्ञप्तिमा भनिएको छ, ' हाम्रो महान् तथा गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टी जनताको जनजीविका, जनतन्त्र र राष्ट्रियताका विषयमा सदैव अग्रभागमा सङ्घर्षरत रहेको कुरा सर्वविदितै छ । अछामको ढकारी गाउँपालिकामा कोरोना महामारी नियन्त्रणका नाममा व्यापक हिनामिना भएको जनगुनासोपछि जनअदालतबाट खर्चको आयव्यय प्रस्तुत गर्न पटकपटक भनिएको थियो । हालसम्म पनि उक्त विषयमा कुनै सुनवाइ नभएको हुँदा आज मिति २०७७/०९/१७ गतेका दिन बिहान १० बजेतिर ढकारी गाउँपालिकाका अध्यक्ष धनबहादुर बुढालाई कोरोना महामारीका नाममा भएको झन्डै १ करोड ४९ लाख रकमको सत्यतथ्य आयव्यय प्रस्तुत गर्न र अन्य विकास निर्माणका कार्यहरूमा भैरहेको भ्रष्टाचार र ढिलासुस्तीबारे जिल्ला जनअदालतमा बोलाई सोधपुछ गरिएको छ ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'गाउँपालिका अध्यक्षद्वारा १५ दिनभित्र कोरोना महामारी नियन्त्रणका नाममा खर्च भएको रकमको आयव्यय प्रस्तुत गर्नुका साथै अन्य जनगुनासो पनि हल गर्ने प्रतिबद्धता गरिएको कुरा यसै प्रेस विज्ञप्तिमार्फत सम्प्रेषण गर्दछौं ।'

## संसदीय व्यवस्था ....

भएकाले संसद् पुनर्स्थापनाले पनि देशले निकास नपाउने हुँदा सङ्घीय जनगणतन्त्रका पक्षमा अगाडि बढ्नुपर्ने बताए । नेता सुवेदीले संसदीय व्यवस्था असफल व्यवस्था भएको धारणा पनि राखे ।

नेकपाका केन्द्रीय सदस्य ठाकुर गैरेले संविधानमाथि कु गरेर प्रधानमन्त्री वलीले संसद विघटन गरेको र प्रतिगामी कदमले संविधान र यो व्यवस्था नै सङ्कटमा परेको बताए । गणतान्त्रिक व्यवस्था ठीक भए पनि प्रधानमन्त्री र राष्ट्रपतिसमेत खराब हुँदा देशले सङ्कट भोग्नुपरेको उनको धनाइ थियो । उनले संविधान र पार्टीको विधानअनुसार सरकार नचलेपछि पार्टीमा कुरा उठाउँदा वलीले संसद् विघटन गरी सङ्कट निम्त्याएको धारणा राखे ।

सरकारले प्रतिबन्ध लगाएको नेकपा रूपन्देहीका वीरेन्द्र विकले अहिलेको मूल समस्या संसदीय व्यवस्था रहेको भन्दै संसद् विघटन र पुनर्स्थापनाको पक्ष र विपक्षमा गरिएको आन्दोलनको औचित्य नभएको बताए । उनले संसद् विघटन संसदीय व्यवस्था असफलताको द्योतक भएको भन्दै श्रमिक जनताको मुक्तिका लागि वैज्ञानिक समाजवादी व्यवस्था स्थापना हुनुपर्ने र त्यसका लागि एकीकृत जनक्रान्ति जारी रहेको बताए ।

मार्क्सवादी विचार मञ्चका सचिव बिनबहादुर कुँवरले संसद् विघटनले राजनीतिक सङ्कट उत्पन्न भएको र संसद् पुनर्स्थापनाले पनि सबै समस्याको हल हुन नसक्ने बताए । राजावादी र विदेशी शक्ति केन्द्रहरूसँगको साँठगाँठमा वलीले संसद् विघटन गरेको उनको धनाइ थियो ।

कार्यक्रममा नेपाली काङ्ग्रेसका खेलराज पाण्डे, राष्ट्रिय जनमोर्चाका टानबहादुर केसी, नेकपा निकट युवा सङ्घका नेता राजु गुरुङ, अखिल नेपाल शिक्षक सङ्गठनका अध्यक्ष घनश्याम पाठक, खेम लुईंटेल, लीलावल्लभ ढकाल, गणेश घिमिरे, ऋषि आजाद, दीपक पौडेललगायतले बोलेका थिए । उनीहरूले संसद् विघटनका विरुद्ध जनस्तरबाट आन्दोलनको विकल्प नभएको बताए ।

राष्ट्रिय स्वाधीनताका लागि नागरिक मञ्च नेपालका अध्यक्ष पदमबहादुर कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा अध्यक्ष कार्कीले अवधारणापत्र प्रस्तुत गरेका थिए ।

## वैकल्पिक व्यवस्था ....

कट्टेल, नेकपा (क्रान्तिकारी माओवादी) का प्रवक्ता हरिभक्त कँडेल, पूर्वसांसद लक्ष्मी पोखेल, पूर्वसांसद नरबहादुर हमाल, हर्कबहादुर शाही स्मृति प्रतिष्ठानका उपाध्यक्ष डा. मधुसूदन गिरी, प्रगतिशील साहित्यकार नरेन्द्रजङ्ग पिटर, राष्ट्रिय जनमोर्चाका कर्णाली प्रदेश अध्यक्ष भरत शाहीलगायतको उपस्थिति थियो ।

## अखिल नेपाल महिला ....

सहिदहरूप्रति १ मिनेट मौनधारण गरी श्रद्धाञ्जली अर्पण गरिएको जनाइएको छ । त्यसैगरी बैठकले आन्दोलनका क्रममा गिरफ्तार भई हिरासत तथा जेलमा सङ्घर्ष गर्दै रिहा भएका केन्द्रीय सदस्यहरू तथा देशैभरिका सम्पूर्ण साथीहरूलाई स्वागत तथा बधाई ज्ञापन गरेको विज्ञप्तिमा उल्लेख छ । हालसम्म जेल र हिरासतमा बन्दी जीवन बिताइरहेका सम्पूर्ण राजबन्दीप्रति बैठकले सम्मान पनि व्यक्त गरेको छ ।

बैठकले सङ्गठनका अध्यक्ष र महासचिवको गिरफ्तारीपछि संयोजनको भूमिका निर्वाह गर्ने तत्कालीन केन्द्रीय सचिव सविता तामाङलाई धन्यवाद ज्ञापन गरेको छ । बैठकले सम्मेलनको तयारीका लागि आवश्यक काम पूरा गर्न २ महिने महिला जागरण अभियान सञ्चालन गर्ने निर्णय गरेको र जिल्लाहरूका भेला, सम्मेलन गठन, पुनर्गठन, आर्थिक सङ्कलन, प्रचारप्रसारलगायत कार्यक्रम तय गरिएको विज्ञप्तिमा जनाइएको छ ।

बैठकले समाजमा महिलामाथि हुने हिंसा तथा अपराधका घटनाविरुद्ध सङ्घर्ष गर्दै बदलिँदो राजनीतिक परिस्थितिमा महिलाअधिकार, समानता र मुक्तिका लागि विभिन्न दलका महिला तथा विभिन्न क्षेत्रमा रहेका महिलाहरूसँग भेटघाट, छलफल र संयुक्त आन्दोलन गर्ने निर्णय पनि गरेको छ ।

## क्रान्तिकारी पार्टी ....

हर- व्यक्तिको हकमा एउटा परिवर्तन देखियोस् । सिद्धान्तमा दृढ भइसकेपछि व्यावहारिक जीवनमा लचक हुनुपर्दछ । सरल प्रशासन र कडा परिश्रमको कार्य-तरिका अवलम्बन गरिनुपर्दछ । प्रशासन भारीभरकम र परिश्रमविहीन विचार र मेकानिजम नोकरशाही कार्य-तरिका हो । हामीले यसलाई खारेज गर्नुपर्दछ ।

सातौं : बैठक, रिपोर्ट र अनुगमनलाई नियमित गरिनुपर्दछ । एउटा जीवन्त र सजीव कम्युनिस्ट पार्टीमा बैठक, रिपोर्ट र अनुगमनलाई नियमित गरिनुपर्दछ । हाम्रो पूर्व-एकीकृत पार्टीमा शान्तिकालीन अवस्थामा देखा परेको यो एउटा प्रमुख समस्या हो । युद्धकालमा पार्टी, सेना, जबस मोर्चाका बैठकहरू प्रायः नियमित हुने गर्दथे तर जब हामी शान्तिकालमा प्रवेश गऱ्यौं, तब हाम्रा बैठक र रिपोर्ट केवल औपचारिकतामा टुङ्गिएका तथ्यहरूले स्पष्ट गर्दछन् । बैठकमा जहिले पनि समयको अभाव बताएर नेता तलका रिपोर्ट सुन्न र बुझ्न असमहत रहे । अनुगमन त कुन चराको नाम हो ? जस्तो भयो । के शान्तिकालमा नेतालाई जहिले पनि समयको अभाव भएकै हो ? या बैठक र रिपोर्टलाई नियमित नगरेर पार्टीलाई वर्तमान अवस्थासम्म ल्याइपुऱ्याउने नेतृत्वको नियतले काम गरेको छ ? यी कुराका उत्तर भविष्यको गर्भमा रहेका छन् । तसर्थ, हामीले नयाँ पार्टीमा उक्त परम्परालाई खारेज गरिनुपर्दछ ।

हामीले दक्षिणपन्थी अवसरवादीसँग सम्बन्ध-विच्छेद गरी नयाँ पार्टी निर्माण गरेका छौं । विचार, राजनीतिक, सङ्गठन चौतर्फी रूपमा हामीले सम्बन्ध-विच्छेद गर्न जरुरी छ । करिब तेईस वर्ष लामो नेतृत्व गरेका प्रचण्डको ह्याङओभर हामीसँग अलिपर पुग्दासम्म रहिरहन सक्छ । यो विज्ञानसम्मत छ । यसलाई क्रस गर्न नयाँ पार्टीले विचार, राजनीति, सङ्गठन, संस्कृति चौतर्फी रूपमा नयाँ अनुभूति हुने विचार, राजनीति र कार्यविधि निर्माण गर्न जरुरी छ । जुन नेतृत्वको विरुद्ध जुन सङ्गठनात्मक सिद्धान्त र कार्यपद्धतिका विरुद्ध हामीले सम्बन्ध-विच्छेद गरियो । प्रचण्ड नभएको तर प्रचण्ड प्रवृत्ति पार्टीमा रह्यो भने हामीले पार्टीलाई नयाँ ढङ्गको पार्टीमा बदल्न सक्नेछैनौं । सङ्क्षेपमा क्रान्तिकारी पार्टी निर्माणका चुनौतीहरू यिनै हुन् । चुनौतीसँग जुधेर मात्र क्रान्तिकारीहरू स्पातिलो हुने गर्दछन् । त्यसकारण हामीले चुनौतीलाई अवसरमा बदल्न कोसिस गर्नैपर्दछ ।



२०७७ पुस २२ गते बुधबार
Wednesday, 6 Jan 2021
हुलाक द. नं. ०२/०७७/७८
काठमाडौँ जि.का. द. नं. १०७/०७१/७२
वर्ष ६, अङ्क २१, पूर्णाङ्क २५४
रातोखबर

# क्रान्ति पूरा गरेरै छाड्ने प्रतिबद्धतसहित नेकपा रामेछापले मनायो २५ औँ बेथान वीरता दिवस

काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टी रामेछापले २०५३ साल पुस १९ गते रामेछापको बेथान, पानीघाटस्थित प्रहरी चौकी कब्जा गर्ने क्रममा सहादत प्राप्त गरेका तीर्थ गौतम, फत्तबहादुर स्माली र दिलमाया बम्जनलाई स्मरण गर्दै २५ औँ बेथान वीरता दिवस मनाएको छ।

कार्यक्रममा सहभागी नेकपा रामेछापका सेक्रेटरी विवेकलगायत जिल्लास्तरीय नेताहरूले क्रान्ति पूरा नहोउन्जेल र समाजवादी व्यवस्था भएपछि पनि योद्धाहरूको सम्मानमा कुनै कमी हुन नदिने र तीफदिलगायत जनयुद्ध र एकीकृत जनक्रान्तिका सहिदका सपना पूरा गरेरै छाड्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

वक्ताहरूले भने, 'हामी बेथान मोर्चामा बलिदान गर्ने पूर्वका तीन तारालाई सम्मान गर्दैछौँ। गणतन्त्रविरोधी एकथरी तत्वहरू दसौँ हजार नेपाली जनताका छोराछोरीले रगत बगाएर ल्याएको गणतन्त्रमाथि रजाइँ गर्दै ती महान् सहिदहरूको अपमान गरिरहेका छन् भने क्रान्तिकारीहरू ती महान् सहिदहरूको सपना पूरा गरेरै छाड्ने, बरु बलिदान दिन तयार हुने प्रतिबद्धतासहित एकीकृत जनक्रान्तिको कार्यदिशालाई आत्मसात गर्दै क्रान्तिको मैदानमा उत्रिएका छन्।'




उनीहरूले भने, 'सहिदको सपना र नेपाली जनताको समस्याको विषयलाई केन्द्रबिन्दुमा राखेर अगाडि बढ्दा दलाल संसदीय व्यवस्थाका मतियारहरूले हाम्रो जनप्रिय पार्टीमाथि प्रतिबन्ध मात्र होइन, फासिवादी दमनको रणनीति अपनाएर द्वन्द्व निम्त्याउने कसरत गरिरहेका छन्। हाम्रो सच्चा कम्युनिस्ट पार्टी भने सचेत ढङ्गले क्रान्तिलाई निरन्तर अगाडि बढाइरहेको छ।'

वीरता दिवस मनाउने क्रममा जनवादी कलाकारहरूले भव्य जनवादी सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेको प्राप्त समाचारमा जनाइएको छ।

बेथानको लडाइँ जनयुद्ध सुरु भएको एक वर्ष पुग्नै लाग्दा तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) पूर्वी कमान्डअन्तर्गतको पहिलो सफल छापामार फौजी कारबाही थियो। त्यो फौजी कारबाहीको नेतृत्व तीर्थ गौतमले गरेका थिए।

# सम्पूर्ण विद्यार्थीलाई अखिल क्रान्तिकारीमा लामबद्ध हुन आह्वान

बुटवल

अखिल क्रान्तिकारीले क्रान्ति सम्पन्न गर्न सम्पूर्ण विद्यार्थीलाई अखिल क्रान्तिकारीमा लामबद्ध हुन आह्वान गरेको छ। अखिल क्रान्तिकारी रूपन्देहीले आयोजना गरेको राजनीतिक तथा वैचारिक प्रशिक्षणका वक्ताले उक्त आह्वान गरेका हुन्।

प्रशिक्षण कार्यक्रममा अखिल (क्रान्तिकारी) लुम्बिनी ब्युरो क्षेत्रीय समन्वय समितिका संयोजक वीरेन्द्र विकले शैक्षिक माफियाकरण र दलाल पुँजीवादी राज्यसत्ताका विरुद्ध सङ्घर्ष आवश्यक भएको भन्दै त्यसका लागि सम्पूर्ण विद्यार्थी अखिल क्रान्तिकारीमा सङ्गठित हुन जरुरी भएको बताए।

कार्यक्रममा युवा सङ्गठन नेपालका लुम्बिनी ब्युरो इन्चार्ज विश्लेषणले युवा विद्यार्थी राजनीतिक र सामाजिक विसङ्गति विरुद्ध सङ्घर्ष गर्नका लागि क्रान्तिमा जोडिन आवश्यक रहेको बताए।

अखिल नेपाल लेखक सङ्घका महासचिव खोमा तरामु मगरले पुँजीवादी राज्यसत्ताको चरित्र श्रमिक वर्गमाथिको शोषणमा आधारित भएको भन्दै त्यसका विरुद्ध सङ्घर्ष गर्न विद्यार्थीले अध्ययन र राजनीतिलाई सँगसँगै अगाडि बढाउनुपर्ने धारणा राखे।

कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टी तिलोत्तमा नगर इन्चार्ज प्रकाश र अखिल क्रान्तिकारी रूपन्देही इन्चार्ज रूपा बुढामगरले सम्पूर्ण विद्यार्थीले आफूमा अन्तर्निहित प्रतिभा प्रस्फुटनका निम्ति उपयुक्त वातावरण हुनुपर्ने र शैक्षिक क्षेत्रमा देखिएका समस्याविरुद्ध देशभक्त र जुझारु विद्यार्थीले सङ्गठनमा आबद्ध भई कडा सङ्घर्षमा उत्रिनुपर्ने बताएका थिए।

प्रशिक्षणकै अवसर पारेर साया सापकोटा, सुनिल नेपाली, नयन अर्याललगायतले कविता वाचन गरेका थिए। कार्यक्रमको अध्यक्षता इन्दु वली, स्वागत जिल्ला सचिव पारस राहादी मगर र सञ्चालन जिल्ला सहसचिव पदम पराजुलीले गरेको प्राप्त समाचारमा जनाइएको छ।

# जनगणतान्त्रिक सम्पर्क मञ्च सङ्खुवासभाको संयोजकमा राई

**काठमाडौँ :**

नेपाल कम्युनिस्ट पार्टी निकट जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समन्वय समिति नेपालअन्तर्गत सङ्खुवासभा-काठमाडौँ जनगणतान्त्रिक सम्पर्क मञ्चको संयोजकमा बोनपाट राई चुनिएका छन्।

काठमाडौँमा शुक्रबार आयोजित भेलाले राई संयोजक रहने गरी ७ सदस्य रहेको मञ्च निर्माण गरिएको हो। सदस्यहरूमा विकास राई, रुबिका श्रेष्ठ, चन्द्र थापा, कबिता लिम्बू, सूर्य क्षेत्री र पूर्णराज नेम्बाङ रहेको मञ्चले जनाएको छ।

भेलामा नेकपा जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समन्वय समिति नेपालका केन्द्रीय अध्यक्ष कमानसिंह र केन्द्रीय सचिव खेम प्रधान उपस्थित भएका थिए।

अध्यक्ष कमानसिंहले कार्यक्रमलाई सम्बोधन गर्दै सङ्खुवासभाबाट काठमाडौँ उपत्यकामा आएका क्रान्तिकारीहरूलाई एकताबद्ध गरी एकीकृत जनक्रान्तिमा लामबद्ध गर्नु समितिको मुख्य भूमिका रहेको बताएका थिए। उनले जनगणतन्त्र तथा वैज्ञानिक समाजवाद स्थापनाका लागि कुनै पनि व्यक्तिगत स्वार्थमा नलागी देश र जनताका पक्षमा अघि बढ्नुपर्ने धाराणा राखेका थिए।

सचिव खेम प्रधानले दलाल पुँजीवादी सत्ताका विरुद्ध जारी क्रान्तिमा मञ्चले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको बताएका थिए।

# अग्रगामी विकल्पका पक्षमा २३ राजनीतिक सङ्गठनको विरोध जुलस र सभा सम्पन्न

**काठमाडौँ :** संसद् विघटन गर्ने प्रधानमन्त्री केपी वलीको कदम प्रतिगामी भन्दै आन्दोलनका कार्यक्रम घोषणा गरेका २३ राजनीतिक दलको कार्यगत एकताले विरोध जुलुस र सभा सम्पन्न गरेको छ। यो व्यवस्थाको विरोध गर्दै अग्रगामी विकल्पको खोजीमा आन्दोलनरत संसद्बाहिर रहेका २३ राजनीतिक पार्टी तथा सङ्गठनहरूले आन्दोलनका कार्यक्रम सार्वजनिक गरेका छन्।

काठमाडौँमा आइतबार आयोजित विरोध जुलुस माइतीघर मण्डलाबाट सुरु भई नयाँबानेश्वर चोकमा पुगेर सभामा परिणत भएको थियो। विरोधसभालाई नेकपा (मसाल) का प्रवक्ता रामप्रकाश पुरी, नेकपाका लोकनारायण सुवेदी, नेकपा (माले) का सुरेन्द्र ढकाल र देशभक्त गणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सीपी गजुरेलले सम्बोधन गरेका थिए।

सम्बोधनका क्रममा देशभक्त गणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सीपी गजुरेलले भने, 'प्रधानमन्त्री वलीको सिफारिसमा राष्ट्रपति विद्या भण्डारीद्वारा गरिएको संसद् विघटन प्रतिगामी उन्मुख फासिवादी कदम हो। संसद्को विघटन वलीले अमेरिकी साम्राज्यवादी इशारामा गराएका हुन्। वलीले संसद्को नयाँ निर्वाचनद्वारा संसद्मा प्रतिक्रियावादी र राष्ट्रघातीहरूलाई उपस्थित गराएर अमेरिकी एमसीसी पास गराउने रणनीतिले यो काम गरेका हुन्।'

उनले अगाडि भने, 'नेपालको राजनीतिमा अहिले तीन धार देखिएका छन् : पहिलो संसद् विघटन गराउने वली धार र संसद्को पुनर्स्थापनाका लागि लागेका अन्य संसद्वादीहरू, दोस्रो राजावादीहरूको राजतन्त्र र हिन्दु राज्यको पुनर्स्थापना गर्ने प्रतिगमनकारी धार र तेस्रो क्रान्तिकारी धार। क्रान्तिकारी धारको उद्देश्य देशमा जनगणतन्त्र स्थापना गर्ने हो। यो धारको नेतृत्व २३ दलभित्रका क्रान्तिकारीहरूले गरिरहेका छन्।'

उक्त कार्यक्रमको सञ्चालन राजमो नेपालका केन्द्रीय सदस्य घनश्याम न्यौपानेले गरेका थिए।

## वैकल्पिक सत्ताका ....

राजा ठीक भन्दै जनतामा भ्रम उत्पन्न गर्न खोजिरहेका छन्। उता राष्ट्रिय राजनीतिको अर्को पुरानो धार काङ्ग्रेस पनि आफ्नो हातमा सत्ता आएपछि पहाड नै भत्काइदिने र रातारात देशलाई आमूल परिवर्तनको दिशामा लैजाने भ्रम बाँडिरहेको छ। तर काङ्ग्रेस इतिहासमा देश र जनताको दृष्टिमा पटकपटक अनुत्तीर्ण भैसकेको छ। बूढो पार्टी हुनुको नाताले चुनावमा केही जनमत काङ्ग्रेसले लिए पनि मानिसहरू काङ्ग्रेस भनेको बीपीपथ छोडेका दलाल पुँजीवादीहरूको पार्टी हो भन्नेमै देखिन्छन्।

अर्कोतिर बहुप्रतिशत जनमत कम्युनिस्ट रहेको देशमा वली-प्रचण्डको सरकारको पालामा भएका भ्रष्टाचार, कमिसन, कर वृद्धि, घोटाला, तस्करीलगायत ठूलाठूला काण्डले कम्युनिस्टहरूप्रति मानिसहरू भ्रमित हुने खतरा बढेको छ। तर बाँदरको हातमा नरिवल भनेजस्तै नक्कली कम्युनिस्टको हातमा भएको सत्ता र सरकारका कार्यहरूले सक्कली कम्युनिस्ट क्रान्तिकारीहरूलाई चुनौती थपिए पनि नेपालजस्तो देशमा वैज्ञानिक समाजवाद मात्र यहाँको माटो सुहाउँदो व्यवस्था हुनसक्छ भन्नेतिर नै बहस सोझिँदै गएको देखिन्छ। नेपालका बुद्धिजीवी, पत्रकार, लेखक, पुराना वामपन्थीहरूले विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी र यसले लिएको एकीकृत जनक्रान्तिको कार्यदिशालाई आशाको दृष्टिले हेरेका छन् र नेकपाले अगाडि सारेको वैज्ञानिक समाजवादी व्यवस्था नै अहिलेको उत्तम विकल्प बन्ने सम्भावना देखिएको छ।

अहिलेको परिस्थितिमा मध्यावधि चुनाव पनि हुन नसक्ने र संसद् पुनर्स्थापना पनि हुनसक्ने आधारहरू नदेखिएको अवस्थामा वैज्ञानिक समाजवादी व्यवस्थाको बहस फराकिलो बन्दैछ। त्यसले बिस्तारै आकार ग्रहण गर्न लागिरहेको छ। नेकपासहित चार पार्टीबीच निर्माण भएको दीर्घकालीन रणनीतिक संयुक्त मोर्चाले पनि त्यसलाई प्रमाणित गरेको छ। संसदीय दलाल पुँजीवादी व्यवस्थाको अन्त्य र यसको विकल्पमा वैज्ञानिक समाजवादी व्यवस्थाको स्थापना अनिवार्य बन्दै गएको छ।

यसप्रकारको वैज्ञानिक समाजवादी व्यवस्था देशका क्रान्तिकारीहरू, प्रगतिशील जनवादीहरू, अन्तर्राष्ट्रियतावादी राष्ट्रवादी शक्तिहरूको एकीकृत प्रयत्नबाट स्थापना गर्न सकिने र यी शक्तिहरूले कार्यनीतिक रूपमा अन्तरिम जनसत्ताको निर्माण गर्दै रणनीतिक लक्ष्यको वैज्ञानिक समाजवादमा पुग्न सकिने विकल्प नेकपाले अघि सारेको छ।

यसैबीच चारवटा पार्टीहरू नेपाल कम्युनिस्ट पार्टी, नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी), नेपाल कम्युनिस्ट पार्टी र वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका साथै नेकपाले वर्तमान देशको सङ्कट चुनाव वा संसद् पुनर्स्थापनाले नभई नयाँ विकल्पमा जानुपर्ने आवश्यकता औंल्याउँदै यसका लागि सङ्कटपूर्ण परिस्थितिमा रणनीतिक संयुक्त मोर्चा निर्माण गरेर निकास दिनुपर्छ भन्नेमा सहमत भएका बताएका छन्। यो देशलाई माया गर्ने शक्तिहरू, विभिन्न ठाउँमा छरिएर रहेका क्रान्तिकारीहरू, सच्चा लोकतन्त्रवादीहरू, देशभक्त वामपन्थीहरूका लागि खुसी र उत्साहको कुरा हो।




## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नब बन्द गरौं।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।**
**उपभोक्ताको हितमा**
**नेपाल आयल निगम लिमिटेड**

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

निर्देशक : **अनिल शर्मा**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ